मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - मिथिलामा प्रचलित किर्तनियाँ नाच

अधिकार नपाउँदा प्रदेश संरचनालाई विश्वस्त बनाउन सकेका छैनौँः मुख्यमन्त्री शाह

संविधान जारी भएपछि प्रदेशमा थुप्रै उपलब्धिहरू भएका छन्ः मुख्यमन्त्री लामा

खतरामा तपाई–हाम्रो डिजिटल इतिहास बचाउन को जिम्मेवार ?

वर्ष २ ● अंक ३०२ ● २०८१ साल असोज ०५ गते शनिबार ● Saturday 15, September 2024 ● सूर्योदयः बिहान ५:५३ बजे ● सूर्यास्तः साँझ ६:०२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## रविमाथि पूरक अभियोजनको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
छोटो समयमा नेपाली राजनीतिमा उदाएका पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध प्रहरीको कारबाही अघि बढ्ने भएको छ । कास्कीको पोखरास्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका बचतकर्ताको रकम हिनामिना प्रकरणमा लामिछानेविरुद्ध प्रमाण संकलन गर्न प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी कार्यालय कास्कीलाई आदेश दिएको छ । अब लामिछानेमाथि पनि कारबाही प्रक्रिया अघि बढ्नेछ ।

सरकारले गठन गरेको संसदीय छानबिन समितिको सिफारिसका आधारमा पूरक अभियोगको तयारीका लागि प्रधान कार्यालयले कास्की प्रहरीलाई ‘निर्देशन’ दिएको हो । पोखरा उपमहानगरपालिका वडा नम्बर–५ स्थित सूर्यदर्शन सहकारीको रकम हिनामिनामा लामिछाने र पूर्वउपराष्ट्रपति पुत्र दिपेश पुन पनि संलग्न रहेको भन्दै पीडितले यसअघि नै पूरक उजुरी दिएका थिए । उजुरीका आधारमा पोखरा उपमहानगरपालिकाले रकम अपचलनबारे अध्ययन गरेर प्राविधिक प्रतिवेदन प्रहरीलाई दिइसकेको छ ।

बचतकर्ताको रकम अनियमित तवरबाट गोर्खा मिडिया नेटवर्कको खातामा आएपछि रकम खर्च गर्ने र गराउने प्रक्रियामा लामिछाने संलग्न रहेको संसदीय छानबिन समितिले ठहर गरेपछि प्रहरी लामिछानेलाई कारबाहीको दायरामा ल्याउने तयारीमा पुगेको हो । समितिले संसदमा बुझाएको प्रतिवेदन मन्त्रिपरिषद्ले कार्यान्वयन गर्ने निर्णय गरेपछि प्रहरीलाई पनि कारबाहीका लागि सहज भएको हो । समितिको सिफारिसअनुसार गोर्खा मिडियाका सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु (जिबी)राई, सदस्य कुमार रम्तेल तथा प्रबन्ध निर्देशक लामिछाने र सञ्चालक छविलाल जोशीविरुद्ध मुद्दा चलाउने तयारी प्रहरीको छ ।

सूर्यदर्शन सहकारीका कोषाध्यक्ष कुमार रम्तेल यसअघि नै पक्राउ परेका छन् । उनी मुद्दा पुर्पक्षका लागि थुनामा छन् । सूर्यदर्शन सहकारीको रकम हिनामिना प्रकरणमा यसअघि नै अदालतमा मुद्दा दर्ता भइसकेको छ । थप अनुसन्धान गर्दा रकम हिनामिनामा संलग्न देखिएकालाई पूरक अभियोग लैजान मिल्ने कानूनी व्यवस्थामा टेकेर प्रहरी लामिछानेविरुद्ध पनि कारबाहीको प्रक्रियाका लागि अघि बढेको हो ।

लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति हुन् । सूर्यदर्शन सहकारीका सञ्चालकहरुविरुद्ध जिल्ला प्रहरी कार्यालय पोखरामा ९ सय ७१ जनाले रकम हिनामिना गरेको आरोपका जाहेरी दिएका छन् ।

सहकारीका पूर्वअध्यक्ष जिबी राईविरुद्ध इन्टरपोलबाट रेड नोटिस जारी छ । उनी फरार छन् । सूर्यदर्शनको १ अर्ब ८ करोड रुपैयाँ हिनामिना भएको प्रहरीको अनुसन्धानमा देखिइएको छ ।

m गरेका छन् । जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशनदास वैष्णव, विश्वामित्र आश्रम बिसौलका महन्त ब्रजकिशोर दास, अग्निकुण्डस्थित झुलन कुञ्जका महन्त रामप्रिया शरण, पूर्वविधान पार्षद सुमनकुमार महासेठ, प्रह्लाद पुर्वेलगायतले महाराज सनातन धर्मको प्रचारप्रसारमा सदैव सक्रिय रहेको बताउँदै शोक व्यक्त गरेका छन् । उनले रामजन्मभूमि आन्दोलनमा पनि महत्वपूर्ण भूमिका खेलेका थिए ।

## काल बन्दै खाल्डाखुल्डी र पोखरी

> माछापालनका लागि निर्माण गरिएका पोखरीले समस्या निम्त्याएको छ । गाउँ छेउमा पोखरी निर्माण गरिँदा यस्ता समस्या आउने गरेका छन्, पोखरी बनाउँदा नै गाउँबस्ती भन्दा टाढा बनाउन उपयुक्त हुन्छ ।
>
> **– महेश यादव**
> संसदीय दलका नेता, जनमत पार्टी

> सिँचाइका लागि पोखरी बनाउने र माछापालनका लागि पोखरी बनाउने विषय बस्तीबाट कति टाढा राख्ने भन्ने विषय टुंगो नलाग्दासम्म यस्तो समस्या कायम रहने भएकाले जलनीति जरुरी छ ।
>
> **–उपेन्द्र महतो,**
> सांसद, मधेश प्रदेश सभा

> अभिभावकमा चेतना अभावका कारण यस्तो समस्या देखिएको हो । गर्मीका समयमा बालबालिकालाई नुहाउन पोखरीमा साथीसँग जान दिने र उनीहरुलाई समेत सचेतना नगराउने गरिँदा यस्तो समस्या बढेको छ ।
>
> **भोगेन्द्र मिश्र,**
> अध्यक्ष, लक्ष्मीनियाँ गाउँपालिका, धनुषा

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
भदौ २० गते धनुषा, लक्ष्मीनिया गाउँपालिका–७ स्थित पोखरीमा तीन बालकको डुबेर मृत्यु भयो । उनीहरु हजुरबुबा महावीर साहको घरमा भोज खान आएका थिए । सबै भोजभत्तेरमा व्यस्त रहेका बेला बालकहरु पोखरीमा डुबे ।

धनुषा, धनौजी गाउँपालिका–५ बहुअर्वामा असार २० गते ११ र १२ वर्षका मुस्कान खातुन, जिनत खातुन र अजमेरी खातुन चर्को घाममा पम्पसेटमा पुगे। अरू दिन पम्पसेटको पानीमा नुहाउने उनीहरू त्यो दिन छेउकै पोखरीमा हाम्फाले। निकै बेरसम्म बाहिर ननिस्कँदा उनीहरूसँगै गएकी साथीले स्थानीयलाई खबर गरिन्। तीनै जना मृतावस्थामा फेला परे । यस्तै, तीजमा पर्साको ग्रामीण भेगमा माइत आएका दुई नारीले पनि साथमा ल्याएका दुई बालकलाई गुमाए । उनीहरु पौडी खेल्न खोज्दा डुबेर मृत्यु भयो ।

यी त प्रतिनिधि घटना मात्र भए । तराई मधेशमा यस्ता घटना दैनिक नियतिजस्तै भएको छ । जथाभावी बस्ती छेउमा निर्माण गरिएको पोखरीले मधेशमा सर्वसधारण र अझ बालबालिकाको ज्यान लिने गरेको छ । तराई मधेशमा केही समय यता आएर डुबेर मृत्यु हुनेको घटना निकै बढेको छ । खास गरी अभिभावकको गैरजिम्मेवारीका कारण मधेशमा मृत्यु हुने क्रम बढेको हो ।

तराई मधेशमा केही वर्ष यता माछापालनका नाममा जथाभावी रुपमा निर्माण गरिएका पोखरीले पनि सर्वसाधारणको ज्यान लिने गरेको छ । कुनै मापदण्ड र नीतिको अभावमा बस्ती छेउमै निर्माण गरिने पोखरीले तराई मधेशमा समस्या निम्त्याएको छ । पानीमा डुबेर मृत्यु हुने घटनामा स्थानीय र प्रदेश सरकार गम्भीर नहुँदा बर्सेनी मानवीय क्षति बढ्दै गएको छ । खासगरी पोखरीमा डुबेर धेरै बालबालिकाको ज्यान जाने गरेको छ । बाढीपहिरो, शीतलहर, लू, आगलागी, हावाहूरीलगायतलाई विपद् भन्दै मधेशका पालिका र प्रदेश सरकारले पूर्वतयारी थाले पनि पोखरी, नदी, खोल्सा, ठेकेदारले जथाभावी खनेर अलपत्र छाडेको गहिरो ठाउँमा डुबेर मृत्यु हुने घटनाप्रति भने बेवास्ता गर्दै आएका छन् ।

धनुषा, लक्ष्मीनियाँ गाउपालिकाका अध्यक्ष भोगेन्द्र मिश्र अभिभावकहरुमा चेतना अभावका कारण यस्तो समस्या देखिएको बताउँछन् । उनले गर्मीका समयमा बालबालिकालाई नुहाउन पोखरीमा साथीसँग जान दिने र उनीहरुलाई समेत सचेतना नगराउने गरिँदा यस्तो समस्या बढेको जिकिर गरे । उनले भने, ‘अभिभावकहरुसमेत सचेत भए यस्ता घटना हुँदैनन् तर अभिभावकमा सचेतना अभाव छ, बाहिरबाट आउनेहरुलाई समेत पोखरीमा नुहाउन पठाउने गरिन्छ, र समस्या हुने गरेको छ ।’ अर्थात् अभिभावकहरुको निगरानीको अभावका कारण यस्ता घटना हुने गरेका छन् ।

मधेश प्रहरीले दिएको जानकारीअनुसार चालु आर्थिक



वर्षको एक महिना २२ दिनमा ५० जनाको मृत्यु भएको छ । धनुषामा सर्वाधिक १३ जनाको मृत्यु भएकामा ९ बालबालिका ३ पुरुष र एक महिला छन् । त्यसैगरी, महोत्तरीमा ७, सप्तरीमा ७ र रौतहट तथा सर्लाहीमा ६–६ जनाको डुबेर मृत्यु भएको छ । प्रहरीको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०–८१ मा मधेशमा डुबेर १ सय ८५ जनाले ज्यान गुमाएका छन् । जसमा बालबालिका १ सय २४, पुरुष ४७ र महिला १४ छन् ।

एक वर्षमा सबै भन्दा बढी सप्तरीमा ३६, धनुषामा ३१, रौतहटमा ३० र सर्लाहीमा २६ जनाको मृत्यु भएको देखिन्छ । सबै जिल्लाको तथ्यांक हेर्दा अधिकांश बालबालिकाले ज्यान गुमाएका छन् । प्रदेश सभा सदस्य कुंवरकान्त झाले यस्ता घटना तराई मधेशमा बढे पनि यसलाई रोक्न अभिभावकको भूमिका महत्वपूर्ण रहने बताए । उनले अभिभावक सचेत नहुँदा समस्या आएको जिकिर गरे । उनले माछाका नाममा पोखरी निर्माण र ती पोखरीमा जथाभावी मेसिन प्रयोग गरेर गहिराइ बनाउँदा समस्या आएको बताए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले समेत माछापालनका लागि निर्माण गरिएका पोखरीले समस्या नित्म्याएको बताए । उनले भने, ‘गाउँ छेउमा पोखरी निर्माण गरिँदा यस्ता समस्या आउने गरेको छ, पोखरी बनाउँदा नै गाउँबस्ती भन्दा टाढा बनाउन उपयुक्त हुन्छ ।’

पानीमा डुबेर मृत्युलाई सरकारले प्राथमिकतामा नराख्न गरेका कारण पनि समस्या दिनप्रतिदिन बढिरहेको छ । डुबेर मृत्यु हुनेमा धेरैजसो गरिब, विपन्न र दलित समुदायका बालबालिका पर्ने गरेका छन् । उनीहरु नुहाउन पोखरी प्रयोग गर्छन् । साथीभाइरुको लहैलहैमा नुहाउन पोखरी पुगे पनि गहिराइ थाहा नपाउँदा मृत्युको मुखमा पुग्ने गरेका छन् । अर्कातर्फ माछापालनका लागि समेत जथाभावीरुपमा पोखरी निर्माण गरिँदा समस्या हुने गरेको छ ।

प्रदेश सभा सदस्य उपेन्द्र महतोले यस्ता घटना रोक्न र भूमिसम्बन्धी नीति बनाउनसमेत जल नीति राख्नुपर्नेमा जोड दिए । उनले सिँचाइका लागि पोखरी बनाउने र माछापालनका लागि पोखरी बनाउने विषय बस्तीबाट कति टाढा राख्ने भन्ने विषय टुंगो लाग्नु पर्ने बताए ।

नत्र मधेशमा यस्ता घटना रोक्न नसकिने उल्लेख गरे । उनले भने, ‘प्रदेश सरकारले जल नीति बनाएको खण्डमा यी सबै समस्या समेट्न सकिनेछ, तब मात्रै मधेशमा देखिएका यस्ता समस्या निदान गर्न सकिन्छ ।’

मधेशमा १८ हजार ९८ पोखरी छन् । कुल संख्याको लभभग ४० प्रतिशत पोखरी मधेशमा छन् । तर पोखरीका विषयमा कुनै पनि नीतिनियम र निर्माणका विषयमा समेत कुनै निश्चित मापदण्ड नतोकिँदा मानवीय क्षतिको घटना बढिरहेको छ ।

## श्रृंगार कुञ्जका महन्त बिमलशरणको निधन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विश्व हिन्दू परिषद मार्गदर्शक मण्डलका सदस्यसमेत रहेका मधुबनी शहरको महाराजगञ्ज मोहल्लामा रहेको श्रृंगार कुञ्ज अबध बिहारी मन्दिरका महन्त बिमल शरणजी महाराजको ७० वर्षको उमेरमा निधन भएको छ । उनको निधनमा साधुसन्त तथा आमजनले गहिरो शोक व्यक्त गरेका छन् ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशनदास वैष्णव, विश्वामित्र आश्रम बिसौलका महन्त ब्रजकिशोर दास, अग्निकुण्डस्थित झुलन कुञ्जका महन्त रामप्रिया शरण, पूर्वविधान पार्षद सुमनकुमार महासेठ, प्रह्लाद पुर्वेलगायतले महाराज सनातन धर्मको प्रचारप्रसारमा सदैव सक्रिय रहेको बताउँदै शोक व्यक्त गरेका छन् । उनले रामजन्मभूमि आन्दोलनमा पनि महत्वपूर्ण भूमिका खेलेका थिए ।

## वन विनासको नमूना



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी गाउँपालिका वडा नम्बर ३ स्थित डिभिजन कार्यालय बडनिहारअन्तर्गत जंगलमा देखिएको दृश्य । वन कार्यालयमा रेन्जर छन् उज्ज्वल प्रसाद यादव । तर उनको क्षेत्रमा यसरी दैनिक रातका समयका काठ कटान भइरहेको छ ।

स्थानीय काठ तस्करले काठ काटेर साइकलमै राखेर प्रहरी चौकी एकटङा, मनवा, हुँदै रतनपुर लैजाने गरेका छन् । जिङ्ना हुँदै वन क्षेत्र प्रवेश गर्दा सबैले यस्तै दृश्य देख्न सक्छन् । यो भन्दा नमूना वन विनाश मधेशमा अन्त कहाँ होला र ?

कि चाडपर्व आएपछि कर्मचारी पनि तस्करका साथी हुन्छन् र प्रकृतिको दोहनमा यसरी नै हृदयविदारक हुने गरी साथ दिनछन् ? एउटा रुख काट्दा २५ वटासम्म बिरुवा रोप्न पर्छ भनेर सन्देश दिने वन कार्यालयले के आफ्नै आँखा अगाडि यसरी तस्करी भइरहेको नदेखेको होला र ? कि काठ तस्करी नियन्त्रण वन कार्यालयको उद्देश्यमा पर्दैन अचेल ? रात परेपछि तस्करको रजगज हुने गरेको स्थानीयले बताए ।

# राजपुरका ६ जनामा हैजा

**विकास अग्रवाल**
**रौतहट ।**

राजपुर नगरपालिकामा ६ जनामा हैजाको लक्षण भेटिएको छ । झाडापखालाबाट ग्रसित भएर दुई दिनमा २२ जना उपचार गराउन प्राथमिक स्वास्थ्य केन्द्रमा पुग्दा उनीहरुमा हैजाको लक्षण भेटिएको हो ।

राजपुर नगरपालिका वडा नम्बर ३ र ४ मा झाडापखाला फैलिएपछि बिहीबार र शुक्रबार गरी दुई दिनमा २२ बिरामी उपचारका लागि स्वास्थ्य केन्द्र पुग्दा चिकित्सकले ७ जनाको नमूना संकलन गरी प्रादेशिक अस्पताल गौर पठाइएको थियो । संकलन गरिएका ७ जनाको नमूनालाई आरडिटी प्रविधिमार्फत चेकजाँच गर्दा ६ जनाको नमूनामा पोजेटिभ अर्थात हैजाको किटाणु फेला परेको प्रादेशिक अस्पताल गौरले जनाएको छ ।

२२ महिला, पुरुष तथा बालबालिकामध्ये राजपुर प्राथमिक स्वास्थ्य केन्द्रमा महिला १०, बालबालिका ७ तथा पुरुष १ जना गरी १८ जनाको भर्ना गरी उपचार भइरहेको छ । स्वास्थ्य केन्द्रमा उपचारार्थ १ जनाको अवस्था गम्भीर रहेको बताइएको छ । बिरामी परेकाहरु सबै ह्याण्डपाइप र खानेपानी सप्लाई भएको ट्यांकीको पानी पिउने गरेको पाइएको छ । खोला, जरुवा, कुवा लगायतको पानी पिएपश्चात मात्र हैजाको प्रकोप लाग्ने गरेको भए पनि चापाकल र ट्यांकीको पानी पिउँदा हैजा लाग्नु अनुसन्धानको विषय भएको छ ।

राजपुर नगरपालिकाका स्वास्थ्य संयोजक खुर्सेद आलमले दुई दिनमा २२ जना प्राथमिक स्वास्थ्य केन्द्रमा आएर उपचार गराई कतिपय बिरामी फर्किसकेको बताए । प्रादेशिक अस्पतालमा आरडिटी टेस्टबाट ६ जनामा पोजेटिभ फेला परेको बताउँदै उनले आरडिटी टेष्ट भरपर्दो नभएको हुँदा नमूनाको कल्चर गराउन जनकपुरधाम पठाउने तयारी भइरहेको बताए । 'अहिले नै हैजा भएको भन्न नसकिने तर संकेत देखा परेकाले सतर्कता अपनाउन जरुरी छ,' उनले भने ।

यता प्रादेशिक अस्पताल गौरले नमूना संकलन गरी टेष्ट गर्दा ७ जनामा हैजाको पोजेटिभ लक्षण देखा परेकाले स्वास्थ्यकर्मीसहितको टोली प्रभावित क्षेत्रमा पुग्ने तयारी गरिरहेको जनाएको छ ।

# सातभर मनसुनी वायुको प्रभाव

**काठमाडौं ।**

जल तथा मौसम विज्ञान विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाले साताभर मनसुनी वायुको प्रभाव रहने जनाएको छ । आगामी बिहीबारसम्म देशको हिमाली, पहाडी क्षेत्रमा आंशिकदेखि साधारणतया बदली तथा तराई क्षेत्रमा साताको शुरुमा आंशिक बदलीदेखि मुख्यतया सफा, मध्य र अन्त्यमा आंशिक बदलीदेखि साधारणतया बदली रहने सम्भावना रहेको महाशाखाले जनाएको हो ।

'साताको मध्य र अन्त्यमा देशका तराई भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साताको सुरूमा देशका हिमाली तथा पहाडी भूभागका एक–दुई स्थानमा, मध्य र अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै साताको अन्त्यमा कोशी, बागमती, गण्डकी, कर्णाली र सूदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक–दुई स्थानमा वर्षाको सम्भावना रहेको छ,' महाशाखाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'देशका अधिकांश स्थानमा साताको अन्त्यमा तापक्रम घट्ने सम्भावना छ ।'

महाशाखाको मौसमविद् प्रतिमा मानन्धरले आगामी आइतबारसम्म मुलुकको विभिन्न स्थानमा हल्का, मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको र त्यसपछि सुधारहुँदै जाने बताइन् । कृषि तथा पशुपक्षी मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले सुदूरपश्चिमका कैलाली, कञ्चनपुर, बर्दिया, बाँकेतिर धान पाकिसकेकाले यदी ठूलो वर्षा भएमा धानलाई क्षति पुग्न सक्ने बताए । 'त्यस क्षेत्रतिर जेठ मध्यबाट रोपाइँ शुरु हुन्छ, अब धान थन्काउने बेला भइसक्यो,' उनले भने, 'अहिलेको वर्षाले धान झर्ने, पाकेकोबाली समयमा थन्काउन नपाएमा उत्पादन घट्ने समस्या हुनसक्छ ।' उनले यसवर्ष मनसुन सुखद रहँदा धान उत्पादन पाँचदेखि सात प्रतिशतसम्म बढ्नसक्ने बताए । 'यो वर्ष ९९ प्रतिशत हाराहारीमा रोपाइँ भएको छ, यस कारण उत्पादन करिब डेढ लाख मेट्रिकटनसम्म हुने अपेक्षा छ,' उनले भने, 'तर धान भित्र्याउने बेलामा मौसमले साथ दिनुपर्छ ।' कृषि मन्त्रालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा धानको कूल उत्पादन अघिल्लो आव भन्दा चार दशमलव ३३ प्रतिशतले वृद्धी भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन पुगेको थियो । जुन विगत चार वर्षको औसत उत्पादनको तुलनामा पाँच दशमलव ०८ प्रतिशतले बढी हो । रासस



# धोबिनीको गाउँसभा सम्पन्न




**राजन कुमार बानिया**
**पर्सा ।**

धोबिनी गाउँपालिकाको १०औँ गाउँसभाले नीति तथा कार्यक्रम पारित गरेको छ । गाउँसभा तीन महिना ढिलो भएको हो । गाउँसभामा चालु आर्थिक वर्ष २०८१–८२ को नीति, कार्यक्रम तथा गाउँसभाबाट ३९ करोड १ लाख रुपैयाँ बराबरको बजेट पारित गरी प्रस्तुतीकरण गरिएको छ ।

गाउँसभामा धोबिनी गाउँपालिकाकी उपाध्यक्ष मन्जुदेवी पटेलको अनुमितमा प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारले ३९ करोड १ लाख रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेका थिए । गाउँसभा उद्घाटन गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहानले गरेका थिए । गाउँसभामा बोल्दै गाउँपालिका अध्यक्ष चौहानले भने, 'पहिलो प्राथमिकता स्वास्थ्य, शिक्षा, कृषि, महिला, बालबालिका, पर्यटन, भौतिक विकास निर्माणका साथै गाउँपालिकामा साक्षरता अभियान चलाएर जेष्ठनागरिकलाई समेत नाम लेख्न सक्ने साक्षर बनाउनु छ, बाँकी निरक्षरलाई साक्षर बनाएर गाउँपालिकालाई साक्षर घोषणा गर्नु छ ।'

अध्यक्ष चौहानले भने, 'राजनीतिक समस्याका कारण गाउँसभामा ढिलाई भएको र विकासका काम र जनताको कामकाजमा समस्या भइरहेकाले गाउँ सभा गरिएको हो ।' उनले अब विकासलगायत जनताको कामकाज छिटोछरितो हुने प्रतिबद्धता व्यक्त गरे ।

गाउँसभामा नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि श्याम किशोर पटेल, भिखमपुरका सशस्त्र प्रहरीका डिएसपी रिवाज दहाल, भिस्वा बिओपिका सशस्त्र प्रहरी निरीक्षक मिनप्रसाद भट्टराई, वडाअध्यक्ष अबास मियाँ चुरिहार, राजकिशोर पटेल, वडाअध्यक्ष देबेन्द्र पटेल, मनाउर मियाँ, कार्यपालिका सदस्य दिनेश कलवारलगायतको उपस्थिति थियो ।

# अर्थ समितिमा साह



**मधेशदृष्टि**
**जजकपुरधाम ।**

मधेश प्रदेश सभाको अर्थ तथा योजना समिति सभापतिमा अनिता कुमारी साह निर्विरोध निर्वाचित भएकी छन् । यसअघि सभापति रहेका सतिश कुमार सिंह मुख्यमन्त्री भएपछि रिक्त सभापति पदमा साह निर्विरोध भएकी हुन् ।

# जलवायु न्यायका लागि जन मार्च गरिँदै

**काठमाडौं ।**

जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न आवाज उठाउने र त्यसबाट परेको असरको न्याय माग गर्ने उद्देश्यले शनिबार 'जलवायु जन मार्च २०८१' आयोजना गरिने भएको छ । पत्रकार सम्मेलन गर्दै आयोजकले विश्वभरका औद्योगिक राष्ट्रलाई जलवायु वित्त भुक्तानीका लागि दबाब दिन जनस्तरबाट मार्च गर्न लागिएको बताए ।

पत्रकार सम्मेलनमा दिगो विकास इन्स्टिच्युटकी सुस्मिता बैदवारले औद्योगिक राष्ट्रहरूले जलवायु सङ्कट निम्त्याउन महत्त्वपूर्ण भूमिका खेलेको हुँदा तिनले समस्यामा परेका राष्ट्रहरूलाई नियमित आर्थिक सहायता प्रदान गर्नुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'वातावरण संरक्षणमा ढिलाइ गर्ने समय छैन र जलवायु परिवर्तनले अन्यायमा परेका हाम्रो जस्तो मुलुकको न्याय सुनिश्चित गर्न तुरुन्तै निर्णायक कदम चाल्नुपर्छ ।'

त्यस्तै, युथ एड्भोकेसी नेपालका नरेन खतिवडाले विकसित राष्ट्रहरूले जलवायु सङ्कटलाई बढावा दिने प्रणालीबाट फाइदा उठाउँदै आएको बताए । उनले अब ती राष्ट्रहरूले आफ्नो दायित्व पूरा गरेर जलवायु न्यायको बाटोमा अघि बढ्नुपर्नेमा जोड दिए । राष्ट्रिय आदिवासी जनजाति अपाङ्गता महिला सङ्घका अध्यक्ष प्रतिमा गुरुङले जलवायु परिवर्तनले सबैभन्दा बढी प्रभावित समुदायलाई न्याय दिन जलवायु वित्तको महत्त्व रहेको उल्लेख गर्दै त्यसमा सीमान्तकृत समुदायको आवाजलाई विशेष ध्यान दिनुपर्ने बताए ।

आगामी मङ्सिरमा अजरबैजानमा हुने संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तन सम्मेलनमा जलवायु वित्तको मुद्दामा ठोस् निर्णय हुने अपेक्षा गरिएको आयोजकले बताएको छ ।

नेपालमा पछिल्ला समय जलवायु परिवर्तनले विविध चुनौती ल्याएको हुँदा यसलाई सम्बोधन गर्न समयमै आवश्यक कदम चाल्नुपर्नेमा सबैले जोड दिए । मार्च शनिबार बिहान ललितपुरको जावलाखेल चोकबाट शुरु भई पाटन दरबार क्षेत्रसम्म पुग्ने कार्यक्रम छ । रासस

# आमा र छोरा हत्याका अभियुक्त सार्वजनिक

**उदयपुर ।**

कटारी नगरपालिका–१० सोरुङ्गछविसेमा भदौ २० गते आमा छोराको हत्या गरेको आरोपमा प्रहरीले शुक्रबार एक जनालाई सार्वजनिक गरेको छ । वडा कार्यालय नजिकै किराना पसल गरी बस्ने ३८ वर्षीया आमा निर्मला थापा र उनका छ वर्षीया छोरा आरुसको हत्या गरेको अभियोगमा सोरुङ्गछबिसेकै ३२ वर्षीय ताराबहादुर थापामगरलाई प्रहरीले सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजन चापागाईंको टोली सोरुङ्गछबिसेमै रहेर अनुसन्धान गरेको थियो । 'अनुसन्धानपछि बिहीबार मात्रै उहाँहरु फर्किनुभएको हो,' जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरीक्षक हरिहरनाथ योगीले भने ।

उपरीक्षक योगीका अनुसार घटना भएको राति अभियुक्त मगर महिला सुतेको स्थानमा पुगेका थिए । त्यसपछि उनीहरुबीच विवाद भएको र रिसमा अभियुक्तले खुकुरी प्रहार गरेको प्रहरीको भनाइ छ । अभियुक्तले घरबाट नै खुकुरी बोकेर गएको प्रहरीले जनाएको छ । आपसी विवाद भएपछि पटकपटक खुकुरी प्रहार गरेको र सोही क्रममा सँगै सुतिरहेका छोरा आरुस उठेर कराउन थालेपछि छोरालाई पनि खुकुरी प्रहार गरी हत्या गरेका अनुसन्धानबाट पत्ता लागेको प्रहरीको भनाइ छ ।

'प्रारम्भिक अनुसन्धान मात्रै हो आज हामीले ७ दिनको म्याद थपेर थप अनुसन्धान थालेका छौँ,' उपरीक्षक योगीले भने, 'घटनापश्चात अभियुक्तले प्रयोग गरेको खुकुरी, मृतक महिलाको मोबाइल, अभियुक्तले घटनापश्चात नजिकैको खोलामा धोएर सुकाएको हाफपाइन्ट बरामद गरिएको छ ।'

प्रहरीका अनुसार अभियुक्त भोलिपल्ट बिहान घटनास्थल आएका थिए । कटारी अस्पतालमा शव परीक्षणका समयमा स्थानीयसँग आएको र दाहसंस्कारमा उपस्थित भएकाले तत्काल शङ्का गर्नुभन्दा आवश्यक प्रमाण पुराउन समय लागेको अनुसन्धानमा खटिएका प्रहरी नायब उपरीक्षक राजन चापागाईंले बताए । मृतककी श्रीमान् अशोक थापा तीन वर्षअघि नै कान्छी श्रीमती लिएर भारत गएका थिए । अभियुक्त मगरका श्रीमती, एक छोरा र छोरी छन् । रासस

# पश्चिम प्रवास समितिको परामर्श बैठक

**काठमाडौं ।**

नेकपा (माओवादी केन्द्र)को प्रवास प्रदेशअन्तर्गत पश्चिम प्रवास सङ्गठन समितिको भर्चुअल परामर्श बैठक भएको छ । बैठकमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडाबाट केन्द्रीय पदाधिकारी र यूरोप तथा अमेरिकाका विभिन्न देशमा रहेका प्रवास प्रदेश समितिमा कार्यरत केन्द्रीय सदस्य तथा प्रदेश पदाधिकारीहरु सहभागी थिए । बैठक शुरु गर्दै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रदेश परामर्श बैठकको अन्तिम चरणमा आएकाले अब केन्द्रीय समितिको बैठकको तयारी लाग्ने बताए । सबै प्रदेशको परामर्श बैठक सकिदा पार्टी र जनतामा नयाँ उत्साह पैदा भएको उल्लेख गर्दै उनले पार्टीप्रति देशभर आकर्षण देखिन शुरु भएको बताए ।

आफूहरुले सरकार छाडेको छोटो समयमै जनताको बीचमा यथार्थ बुझाउन सफल भएको उल्लेख गर्दै अब उनले अब जनसम्बन्धलाई केन्द्रमा राखेर पार्टी पुनःगठनको अभियान चलाइने बताए । बैठकमा सहभागीहरुका धारणा सुनेपछि केन्द्रीय पदाधिकारीहरुले सम्बोधन गर्ने कार्यक्रम छ । केन्द्रीय समिति बैठकको तयारी स्वरुप माओवादी केन्द्रले विभिन्न प्रदेशमा परामर्श बैठक आयोजना गर्दै आएको छ ।

माओवादी केन्द्रले बागमती, उपत्यका विशेष, सम्पर्क समन्वय, गण्डकी, सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, कोशी, मधेश प्रदेश तथा केन्द्रीय अनुशासन आयोग, निर्वाचन आयोग, लेखा आयोग, सल्लाहकार समिति, ज्येष्ठ कम्युनिष्ट मञ्च र प्रवास प्रदेशअन्तर्गत एसिया सङ्गठन समितिको परामर्श बैठक सम्पन्न गरिसकेको छ ।

परामर्श बैठकपछि प्रतिवेदन तयार गरेर केन्द्रीय समिति बैठकको तयारीमा लाग्ने माओवादी केन्द्रले जनाएको छ । केन्द्रीय समितिको बैठकबाट सङ्गठन सुदृढीकरण र जनपरिचालनका कार्यक्रम ल्याउने माओवादी केन्द्रको तयारी छ । रासस

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/०५ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/०७ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **ह्यासिंथ कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं.२५०९९५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **दिब्या कन्स्ट्रक्सन प्रा.लि.** अंग्रेजीमा **Divya Construction Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वरा जानकारी गराईन्छ ।

# 'कम्युनिष्ट पार्टीमा विकृति मौलायो'

**काठमाडौं ।**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा राजनीतिक अस्थिरताका कारण अहिलेको व्यवस्थाविरुद्ध अनेकौँ शक्तिहरु लागि परेकाले लोकतान्त्रिक शक्तिबीच समन्वय र एकताको आवश्यकता रहेको बताएका छन् ।पार्टीको बागमती प्रदेश कमिटीद्वारा आयोजित दशौँ राष्ट्रिय महाधिवेशनको सन्देश सभामा अध्यक्ष नेपालले जनताले लामो समयसम्म गरेको सङ्घर्ष, त्याग र बलिदानका कारण अहिलेको उपलब्धी हासिल भएको बताए । कम्युनिष्ट पार्टीमा विकृति मौलाउँदै गएकाले त्यसैलाई सुधार्नुपर्नेमा जोड दिँदै अध्यक्ष नेपालले भ्रष्टाचार, व्यक्तिवाद, कुशासन अन्त्य गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको उल्लेख गरे । मुलुकको राष्ट्रियता, अखण्डता साथै जनताको सार्वभौम अधिकार कमजोर बनाउने गरी संविधान संशोधन हुन नसक्ने उनको भनाइ छ ।

सम्मानित नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपालको कम्युनिष्ट आन्दोलनको विकासक्रममा आफ्नो पार्टीले वैज्ञानिक समाजवाद अवलम्बन गरेको बताउँदै क्रान्तिकारी कार्यशैली सशक्त पार्टी निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने बताए । वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले नेपाली जनताको विकास र समृद्धिको आकांक्षा पूरा गर्न समाजवादको कार्यान्वयनमा जोड दिए । उनले हालै सम्पन्न महाधिवेशनले सहमति र अग्रगमनको जनादेश दिएको बताउँदै नीति तथा कार्यदिशाअनुसार निम्न श्रमिक वर्गको हितमा कार्य गर्नुपर्नेमा जोड दिए ।

महासचिव घनश्याम भुसालले संविधान जारी भएको एक दशकमा अपेक्षाकृत प्रगति हुन नसक्दा मुलुकको समग्र वाम आन्दोलनमा र हामीले गरेको विद्रोहमा चुनौती थपिएकाले वर्गीय विभेद, सामाजिक शोषणविरुद्ध सङ्घर्ष गर्ने कम्युनिष्ट पार्टीको खाँचो औँल्याए । मुलुकमा भर पर्दो नेता नभएकाले सङ्घीय गणतान्त्रिक लोकतन्त्र र समाजवाद नेतृत्वविहीन रहेको विचार व्यक्त गरे ।

पार्टी सचिव एवम् कार्यक्रमका संयोजक सावित्रा भुसालले मुलुकको समसामयिक राजनीतिक तथा कार्यक्रमका विषयवस्तुमा जानकारी गराइन् । रासस

# क्यानडा पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं ।**

वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिने भन्दै १८ लाख ५३ हजार रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा गोरखा आरुघाट गाउँपालिका–१० घर भई हाल काठमाडौँ गोकर्णेश्वर नगरपालिका–१ सुन्दरीजल बस्ने ३४ वर्षीय रामहरि भण्डारी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनले भने, 'आकर्षक तलबको प्रलोभनमा पारी क्यानडा लैजाने भन्दै दुई जना पीडितलाई लामो समयसम्म झुक्यानमा राखे पश्चात विदेश नपठाइ सम्पर्कविहीन भएकोमा पीडितले दिएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।' निजलाई सुन्दरीजलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

यस्तै, प्रहरीले अवैध लागुऔषध खैरो हेरोइनसहित चन्द्रागिरि नगरपालिका–२ नागढुङ्गास्थित चेक प्वाइन्टबाट तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा सिरहा, लहान नगरपालिका–१७ का २२ वर्षीय शिवशङ्कर ठाकुर, २४ वर्षीय अर्जुनकुमार यादव तथा लहान नगरपालिका–४ स्थित बस्ने वर्ष २८ को सञ्जिवकुमार यादव रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनले भने, 'प्रहरी प्रभाग नागढुङ्गा तथा लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको संयुक्त टोलीले अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३७ ग्रामसहित पक्राउ गरेको हो ।'

सप्तरीदेखि काठमाडौं आउँदै गरेको बाप्र ०३–००१ ख २७२८ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार निजहरुलाई अवैध लागुऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । रासस

# मिथिलामा प्रचलित किर्तनियाँ नाच



*मनोरञ्जन शब्द मानिस र रञ्जन गरी दुई शब्द मिलेर बनेको हो । यी दुई शब्दबाट बनेको मनरञ्जन शब्दको सामान्य अर्थ हो– मन का रञ्जन अर्थात् मनको आनन्द । मनोरञ्जनलाई मनोरञ्जन पनि भनिन्छ, प्राचीन कालमा पनि मानिसले मनोरञ्जन गर्ने गर्दथे । त्यतिबेला उनको मनोरञ्जनका साधन सीमित र थोरै थिए । पुरातन समयमा मनोरञ्जनका माध्यमहरू शिकार, कथा कथन, उपाख्यान, पौडी खेल्ने, घोडसवारी, पर्यटन,  खेल र कार्यक्रम, कला, प्रदर्शन, नृत्य, संगीत, वाद्ययन्त्र, गायन आदि थिए । मानिसले यिनै माध्यमबाट मनोरञ्जन लिने गर्दथ्यो । त्यतिबेला यी स्रोतहरू निकै सीमित थिए र कम लागत र खर्चका पनि थिए । यी स्रोतहरूको प्रचार र प्रसार पनि धेरै सीमित स्थानहरूमा भयो । यी स्रोतहरूले हरेक मौसम वा समयमा ठूलो आनन्दका साथ मानिसहरूलाई आकर्षित गर्थे । मिथिलाको परम्परामा, सबै प्रकारका प्रदर्शन कलाहरू, चाहे शास्त्रीय वा लोक नाटक होस्, नृत्य नाटक होस् वा शुद्ध नृत्य होस्, ती सबैलाई नृत्य वा खेलको रुपमा सम्बोधन गरिएको छ ।*

**वीरेन्द्र रमण**

समाज जति जति विकास भयो मनोन्जनको साधनहरुमा समेत परिवर्तन हुन थाल्यो । कुनै समयमा राजा महाराजाहरुको घरको पर्खाल भित्र



कैद रहेको मनोन्जनको साधनमा जनताहरुको समेत सहज पहुच हुन थाल्यो भने जनताहरु समेत त्यसलाई मनोन्जनको रुपमा प्रयोग गर्न थाले । समाजमा परिवर्तनको सन्देश समेत सबै भन्दा छिटो प्रवाह हुने माध्यम समेत ती नै मनोन्जनका साधनहरु बने । अहिले प्राविधिक रुपान्तरण भएपछि हात हातमा मोवाईलमा आउने भिडियोहरुले सर्वसधारणहरुलाई एउटा मनोरञ्जन दिने गरेका छन् भने कुनै समयमा नाच र नाटकहरुले सर्वसधारणहरुलाई मनोरञ्जन दिने गरेको थियो । नाटकहरु समाजिक रुपान्तरणको लागि भूमिकाहरु खेले भने कतिपय नाचहरु विशुद्ध रुपमा मनोरन्जनको माध्यम मात्रै बने।

जब कुनै व्यक्ति काम गर्दा थकित हुन्छ र आफ्नो दोहोरिने काममा मन नलाग्ने महसुस गर्न थाल्छ, तब उसले आफ्नो मन र शरीरलाई आनन्द र आनन्द दिनको लागि कुनै न कुनै सुविधाजनक वा सुखद उपाय अपनाउन थाल्छ । यस्ता उपाय अपनाएर वा प्रयोग गर्दा मन फुल्छ, त्यसलाई मनोरञ्जन भनिन्छ । मनोरञ्जन शब्द मानिस र रञ्जन गरी दुई शब्द मिलेर बनेको हो । यी दुई शब्दबाट बनेको मनरञ्जन शब्दको सामान्य अर्थ हो– मन का रञ्जन अर्थात् मनको आनन्द । मनोरञ्जनलाई मनोरञ्जन पनि भनिन्छ, प्राचीन कालमा पनि मानिसले मनोरञ्जन गर्ने गर्दथे । त्यतिबेला उनको मनोरञ्जनका साधन सीमित र थोरै थिए।

पुरातन समयमा मनोरञ्जनका माध्यमहरू शिकार, कथा कथन, उपाख्यान, पौडी खेल्ने, घोडसवारी, पर्यटन,  खेल र कार्यक्रम, कला, प्रदर्शन, नृत्य, संगीत, वाद्ययन्त्र, गायन आदि थिए । मानिसले यिनै माध्यमबाट मनोरञ्जन लिने गर्दथ्यो । त्यतिबेला यी स्रोतहरू निकै सीमित थिए र कम लागत र खर्चका पनि थिए । यी स्रोतहरूको प्रचार र प्रसार पनि धेरै सीमित स्थानहरूमा भयो । यी स्रोतहरूले हरेक मौसम वा समयमा ठूलो आनन्दका साथ मानिसहरूलाई आकर्षित गर्थे । मिथिलाको परम्परामा, सबै प्रकारका प्रदर्शन कलाहरू, चाहे शास्त्रीय वा लोक नाटक होस्, नृत्य नाटक होस् वा शुद्ध नृत्य होस्, ती सबैलाई नृत्य वा खेलको रूपमा सम्बोधन गरिएको छ । त्यसैले यही सम्बोधनको आधारमा मिथिलाको नाट्यकलालाई सामान्य नृत्य मान्न गल्ती गर्नु हुँदैन । मिथिला र नेपाल–उपत्यकाका मध्ययुगीन भाषाका नाटककारहरूले अभिनय र नृत्यमा कुनै



भेदभाव गरेका छैनन् र यी दुवै क्रियाकलापहरूलाई एकअर्काको पर्यायवाचीका रूपमा प्रयोग गरेका छन्।

मिथिलाका यी भाषिक नाटक वा नृत्य नाटकहरूलाई सामूहिक रूपमा नृत्य भनिएको भए तापनि विगतमा यी नाचहरूलाई तिनीहरूको प्रस्तुति अवसर, उद्देश्य, प्रस्तुतकर्ता, निर्माता आदिका आधारमा विभिन्न शीर्षकले सम्बोधन गरिँदै आएको छ।

मिथिलामा भाषिक नाटक र रंगमञ्चलाई राज्य संरक्षण र सार्वजनिक संरक्षणसँगै केही हदसम्म धार्मिक संरक्षण पनि प्राप्त भएको छ । अधिकांस राजाहरुले मिथिलामा प्रचीत भएका नाटकहरु र मनोन्जनका अन्य साधनहरु अर्थात लोक नृतहरुलाई जोगाउनको लागि भुमिकाहरु खेले जसकारणले गर्दा मिथिला क्षेत्रमा नाटक नाचहरु धैरै समृद्ध भएको अवस्था छ।  मिथिलामा नाटक र नृत्यको आयोजनासँगै विभिन्न रंगमञ्च, वाद्य यन्त्र र संगीत शिक्षाको दानलाई विशेष धार्मिक कार्यका रूपमा मान्यता दिइएको छ र यस्तो दानले अन्ततः दातालाई स्वर्गसम्म पु¥याउने विश्वास छ।

चौधौं शताब्दीको प्रारम्भिक दशकहरूमा अष्टरत्नाकर चण्डेश्वरद्वारा लिखित कृतिरत्नाकर नामक ग्रन्थमा पनि गृहस्थहरूको विभिन्न क्रियाकलापहरूको चर्चा गर्ने क्रममा परोपकारको वर्णन गरिएको छ । ग्रन्थको नन्दाने अध्यायमा नृत्य, नाटक जस्ता दृश्यकला दान गर्नाले अर्को जन्ममा सुन्दर हुने सौभाग्य प्राप्त हुने उल्लेख छ।

ग्रन्थको वासुदेवदनानी प्रसङ्गमा भनिएको छ कि जसले नृत्यदान अर्थात् नृत्यको आयोजना गर्छ, निःसन्देह रुद्रलोक प्राप्त गर्दछन्।

**नृत्यं दत्वा तथान्प्रोति रुद्रलोकमसंशयम्।**

यसले समेत के देखिन्छ भने मनोन्जनलाई समेत धार्मिक कृतसंग जोडिएको कारणले गर्दा राजा महाराजाहरुले समेत यसलाई संरक्षणको लागि निकै महत्वपुर्ण भूमिका खेलेका थिए। उनीहरुको संरक्षणको कारणले गर्दा समेत धैरै दिन देखि टिकाउ पुर्ण अवस्थामा मिथिलाको ती मनोन्जनको साधनहरु रहेका छन । अहिलेपनि मिथिलाका नाटक क्षेत्र सबै भन्दा बढि समृद्ध मानिएका छन । कृति रत्नाकरमा रंगमञ्चबाट उत्पन्न संस्कारहरूबारे विस्तृत रूपमा चर्चा गरिएको छ, जुन कुनै प्राचीन ग्रन्थबाट उद्धृत नभएर मिथिलाको परम्परागत संस्कृतिमा गाँसिएका थिए, जसलाई चण्डेश्वरले मात्र नियमन गरेका छन् । भारतीय कविताका महान् गुरु भरत मुनिले विश्वको काव्य साहित्यमा उत्कृष्ट चिन्तन मानिने सोही अवधिमा नाट्यशास्त्रको समग्र रूपरेखा प्रस्तुत गर्नुभएको थियो। महाकवि काली दासको नाटय कृतिलाई विश्वकै उत्कृष्ट नाट्य साहित्य मानिन्छ । त्यसबेला नाटय कलाको योगदानमा मिथिला पनि पछि परेको थिएन । अध्यात्म चिन्तन यहाँको समाजमा विशेष थियो त्यसैले यसको पूर्ण प्रभाव नाट्य साहित्यमा देखिन्छ । पुराण, उपनिषद र अन्य धार्मिक ग्रन्थहरूका कथाहरूको नाटकीय रूपान्तरणबाट यहाँ नाटकको विकास भएको हो।

मिथिलाको कतिपय मनोरन्जनको साधनलाई धार्मिक कार्यसंग जोडिन गरिएको समेत पाइन्छ । यीनै मध्ये एक हुन किर्तनीयाँ नाच । मिथिलामा आध्यात्मिक दृष्टिकोणले अनुष्ठानका रूपमा नाच, नाटक, गायन, वाद्य वाद्ययन्त्र आदि आयोजना गर्ने शास्त्रोक्त परम्परा रहेको छ । कीर्तन पनि आफ्नो देवताको भक्तिको माध्यम भएको छ । कीर्तन भनेको भगवानको नाम, गुण र मनोरञ्जनको वर्णन श्रवण, दर्शन र पाठ हो। यदि मिथिलाको भाषा–रङ्गमञ्चको यो सम्पूर्ण परम्परालाई कीर्तनीया भनेर चिनिन्छ भने यो कीर्तनिया कतै कतै कीर्तनसँग सम्बन्धित छ।

वास्तवमा शैव सर्वस्वसारका विभिन्न खण्डहरूमा जसरी नाच–नाटक र कीर्तनका रूपमा गायन–वाद्यलाई अनिवार्य धार्मिक कार्यको रूपमा तोकिएको छ, त्यसले मिथिलामा कीर्तनको परम्परा पहिलेदेखि नै प्रचलित थियो भन्ने प्रमाणित गर्छ । अर्कोतर्फ विद्यापतिले मिथिलाको आध्यात्मिक परम्परामा निहित यो विशेष रंगमञ्चलाई शैव सर्वस्वसारमार्फत लेख्नुभएको छ भने अर्कोतर्फ विद्यापतिले लेखेका नाट्य विषयवस्तु समेटिएका





शिव–पार्वतीको विषयवस्तुमा प्रचुर मात्रामा रहेका गीतहरू हेर्दा यो सम्भावना छ । शिवको भक्तिबाट जन्मिएको कीर्तन परम्परामा उनले यो कुरालाई ध्यानमा राखेर गरेको हुनुपर्छ । विद्यापतिको मिहिनेतले कीर्तनिया भनेर चिनिने कीर्तन कला र त्यसमा प्रस्तुत हुने पेशागत मण्डलीले व्यापक प्रचारप्रसार र राज्यको समर्थनसँगै धार्मिक समर्थन पनि प्राप्त गर्ने थियो ।किर्तनले व्यक्तिमा धार्मिक उर्जा समेत प्रदान गर्ने गरेको कारणले गर्दा यसको धैरै व्यापकता समेत मिथिला रहेको पाइन्छ। किन भने किर्तनले धार्मिक लाभको साथ साथै एउटा आनन्दको समेत माध्यम बन्ने गरेको पाइन्छ।

पछिल्लो शताब्दीमा, १९५० सम्म, भाषा थिएटरको एकमात्र अवशिष्ट नृत्य–नाटक शैली कीर्तनी पूर्ण रूपमा लोप भयो । डा.जयकान्त मिश्रले आफ्नो मैथिली साहित्यको इतिहास लेख्ने क्रममा प्राचीन भाषा–रङ्गमञ्चसँग सम्बन्धित विभिन्न नाटकका पाण्डुलिपिहरू पत्ता लगाएर त्यसको पूर्ण रूपरेखा तयार गरेका छन्। यसअघि डा मिश्र, कविश्वर चन्दझा, परमेश्वर झा, म. मुरलीधर झा जस्ता विद्वान अनुसन्धानकर्ताले आफ्नो लेखनमा कीर्तनिया नामको उल्लेख गरेका थिए भने सर्वसाधारणले पनि यो अवशिष्ट रङ्ग परम्परालाई कीर्तनियाको नामले सम्बोधन गरिरहेका छन् । त्यसैले डा. मिश्रले भाषा–रङ्गमञ्चको यो समग्र परम्परालाई कीर्तनीय–नाटक भन्दै इतिहासको एउटा अध्यायको रूपमा प्रस्तुत गरेका छन्।

धार्मिक तथा मनोरन्जनको समेत सधानको रुपमा रहेको कारणले विस्तारै यसको विभिन्न ठाउमा मिथिलाबाट विकास भएको अनुसन्धानबाट देखन्छ । अहिले पनि यसको स्वरुपमा केही परिवर्तन आएपछि मिथिलामा यथावत रुपमा चल्दै आएको अवस्था छ । त्यसकारणले मिथिलाको यो सबै भन्दा पुरानो परम्परा जस्तै देखिन्छ । किन भने गाउमा जुन मण्डलीहरुको निर्माण गरिएको छ त्यो कुनै सम्भ्रान्त वर्गको व्यक्ति देखिदैनन । त्यसकारणले समेत यसको एउटा ईतिहासको साथ साथै धार्मिक परम्परा जस्तै रहेको पाइन्छ।

# अधिकार नपाउँदा प्रदेश संरचनालाई विश्वस्त बनाउन सकेका छैनौँः मुख्यमन्त्री शाह

*नेपालको संविधानलाई समानुपातिक, समावेशी, लोकतान्त्रिक र अग्रगामी मानिन्छ । संविधानमा नागरिकका थुप्रै मौलिक हकअधिकारको व्यवस्था गरिएको छ । संविधानको प्रस्तावनामा नै सामन्ती, निरङ्कुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद् र उत्पीडनको अन्त्य गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने सङ्कल्प गरिएको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्ेरस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायापालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य मान्यतालाई संविधानले आत्मसात् गरेको छ ।*

*संविधानबमोजिम आआफ्ना अधिकार प्रयोग गरेर शासन व्यवस्था सञ्चालन गर्न सरकारहरु प्रयासरत देखिए पनि यी अधिकार प्रयोग गर्ने सन्दर्भमा बेलाबखत विभिन्न खालका जटिलता भने सिर्जना भइरहेको जनप्रतिनिधिको अनुभव छ । प्रस्तुत छ, २०७९ सालको निर्वाचनपछि गठन भएको प्रदेशसभामामार्फत दोस्रोपटक सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीको नेतृत्व गरिरहेका नेपाली कांग्रेसका नेता कमलबहादुर शाहसँग गरिएको कुराकानीः*

> *संविधानसभामा निर्वाचित जनप्रतिनिधिले बनाएको नेपालको संविधान २०७२ लागू भएको नौं वर्ष पूरा भएको छ । संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सरकार गठन भई शासन व्यवस्था सञ्चालन भइरहँदा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत हुँदै गएको मान्न सकिन्छ । संविधानबमोजिम राज्य व्यवस्था सञ्चालनको अधिकार पहिलेको जस्तो सिंहदरबारमा सीमित नराखी स्थानीय तह र प्रदेश तहमा लैजानुलाई संविधान कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण पक्ष मानिएको छ । संविधान लागू भएपछि यो नौं वर्षको अवधिमा दुई पटक स्थानीय तह, प्रदेश र सङ्घको निर्वाचन भइसकेको छ ।*



**यहाँले प्रदेशको मुख्यमन्त्रीको नेतृत्व गरिहँदा नेपालको संविधान जारी भएपछि प्रदेशमा देखिएका उपलब्धिबारे कस्तो अनुभव गर्नुभएको छ, अहिलेसम्म सम्पादित कामबाट सन्तुष्ट हुनुहुन्छ ?**

नेपालको संविधान २०७२ ले सङ्घीय संरचनालाई स्वीकारेर जनताका हकअधिकारलाई स्थापित गरेको विषय ठूलो उपलब्धि हो । संविधानले प्रदत्त गरेका अधिकार सबै ठाउँमा पु¥याउन सुरुआती चरणमा समय लाग्ने कुरा स्वभाविक रहे पनि संविधान जारी भएको यति लामो अवधिसम्म संविधानप्रदत्त हक अधिकारलाई हामीले सङ्घीय सरकारबाट प्रदेशमा पु¥याउन नसक्दा प्रदेश संरचनालाई विश्वस्त बनाउन सकिरहेका छैनौँ । सङ्घीय संरचना आफैँमा खराब नहुने भएकाले यसलाई मजबुत, जनमुखी र भरोसायोग्य बनाउने काम राज्य सञ्चालन गर्ने र संविधानलाई कार्यान्वयन गर्ने कुरामा भर पर्छ । तर पनि सङ्घीय संरचना कार्यान्वयनमा आइसकेपछि प्रदेशका अधिकारका क्षेत्रहरु, विकास निर्माणका कामहरु, आम जनताको सहज पहुँचलगायत गतिविधि सकारात्मक ढङ्गले अगाडि बढेको पाइएको छ । संविधानकै कारण सीमान्तकृत वर्ग समुदायका व्यक्तिको राज्यका नीति निर्माण तहमा पहुँच पुगेको छ । सीमित साधन स्रोतको कारण सङ्घीय र प्रदेश सरकारहरु अगाडि बढ्नुपर्ने बाध्यता पनि छ । यस्तो अवस्थामा सङ्घीय सरकारले प्रदेश संरचनालाई बलियो बनाउनमा कुनै कञ्जुस्याइँ नगरी इमान्दारिताका साथ प्रदेशलाई दिनुपर्ने अधिकारहरु दिनुपर्छ ।

**प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सन्दर्भमा हालको संरचनागत र कानुनी व्यवस्था के कस्तो छ ? प्रदेश सरकारलाई अझ सशक्त प्रभावकारी र विश्वसनीय बनाउन के कस्तो संरचना र कानुनी व्यवस्था चाहिने देख्नुहुन्छ ?**

विगतको सरकारले बनाएका नीति, नियम, नियमावली, कार्यविधिमध्ये कतिपयलाई आवश्यकताअनुसार संशोधन परिमार्जन गरेर अगाडि बढ्ने गरेका छौँ । दिइएका अधिकारलाई कार्यान्वयन गर्दै नागरिकमा सुशासन अनुभूति गराउने प्रयास गरिए पनि कतिपय सन्दर्भमा बेलाबखत जटिलता देखिने गरेका छन् । जस्तो अहिले पनि प्रदेशमा आवश्यकता अनुसारको कर्मचारी पदपूर्तिलाई गति दिन नसकेर सरकारका नीति कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समस्या भइरहेको छ । यी सबै कुरामा अहिले पनि केन्द्रले बाँधेर राख्दा हामीले पूर्ण रुपमा आफ्ना अधिकार कार्यान्वयन गर्न सकिरहेका छैनौँ ।

**संविधान कार्यान्वयनका क्रममा सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरद्वन्द्व पनि कायमै रहेको देखिन्छ । केन्द्रले प्रदेशलाई प्रदेशले स्थानीय तहलाई अधिकार नदिएको भन्ने कुरा पनि बेलाबखत सुनिने गरेको छ । विषेशगरी प्रदेशबाट यस सम्बन्धमा कस्तो भूमिका निर्वाह भएको छ ?**

तीन तहको सरकारको कार्यक्षेत्र के हो भन्ने कुरामा सङ्घले अहिलेसम्म स्पष्ट पार्न नसक्दा विभिन्न खालका समस्या सिर्जना भइरहेका छन् । सुुदूरपश्चिम प्रदेशको हकमा आफ्नो विगतको



पहिलो कार्यकालमा स्थानीय तहलाई बलियो बनाउनुपर्छ भनेर धेरै अन्तरक्रिया, छलफल, बहसहरु गर्न लगाएको थिएँ । सङ्घसँग जोडिने कुराका अलावा प्रदेश संरचनामा रहेका स्थानीय तह र प्रदेशका सरकार कहीँ न कहीँ जोडिनुपर्छ भन्ने मेरो मान्यता रहिआएको छ । यी दुवै तहबीच सहकार्य गरेर आगाडि बढ्ने सन्दर्भमा नीति, नियम, बजेट कार्यक्रमलगायत विषयमा जोडिने प्रयत्न गरिरहेको छु ।

**प्रदेश सरकार खर्चिलो भयो, आर्थिक रुपमा आत्मनिर्भर र राजनीतिक रुपमा स्वतन्त्र नभएको भनेर संरचना खारेज गर्नुपर्छ भन्ने आवाज आउने थालेको छ । यसै सन्दर्भमा प्रदेश सरकारलाई स्थिर, सक्षम, थप कामकाजी र सुदृढ बनाउन के गर्नुपर्ला ?**

सबै कुरा सङ्घीय सरकारसँग जोडिएर आउँछन् । सङ्घीय सरकारले प्रदेश संरचनालाई बलियो बनाउन चाहने हो भने प्रदेश सरकारलाई अधिकार छिटोभन्दा छिटो दिनुपर्छ । एकातिर आर्थिक रुपमा खुम्च्याएर राख्ने अर्कोतिर राजनीतिक रुपमा पनि प्रदेश सरकारप्रति विश्वास नगर्ने भइदियो भने प्रदेश सरकार कसरी अगाडि बढ्छन् ? केन्द्रिकृत मानसिकता र सोचबाटमुक्त नभएसम्म प्रदेश सरकारको संचना बलियो हुँदैन ।

**प्रदेश सरकारलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा संविधानअनुसार कुनकुन कानुन बने कुन बन्न बाँकी छन् ?**

प्रदेशमा धेरै कानुन निर्माण भइसकेका छन् । आवश्यक कतिपय कानुन निर्माणको चरणमा छन् । कानुन निर्माण गर्न, नियमावली बनाउन, बनेका कानुन संशोधन गर्ने कुरामा त्यति ठूलो समस्या छैन । सम्बन्धित मन्त्रालयले कुनै विषयमा कानुन बनाउन आवश्यक ठानेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहजीकरणका लागि गरिने आग्रह बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सहजीकरण गरेर कानुन निर्माणको प्रक्रिया अघि बढाउँछ । बनेका कानुनको संशोधनको प्रक्रियापनि अघि बढाउँछ ।

**प्रदेशका कतिपय गौरबका आयोजनाको निर्माणमा सुस्तता आउँदा अलपत्र अवस्थामा छन्, विकास आयोजनालाई गति दिन नीतिगत र संरचनागत सुधारहरु केही भइरहेका छन् कि ?**

तत्कालीन सरकारले पूर्वाधारका क्षेत्रमा प्रदेशका सबै नौ जिल्लाका नौ वटा सडकलाई प्रदेश गौरबका आयोजनाअन्तर्गत राखेको थियो । त्यसपछिका सरकारहरुले आफ्ना वार्षिक नीति कार्यक्रममा यी योजनाहरु समेट्दै आयो पनि । गौरबका आयोजना सुरुआत गर्ने कुरा राम्रो भए पनि स्रोत साधनको अभावमा यी आयोजनाको निर्माणमा गति दिन सकिएको छैन । मैले यस वर्षको बजेट निर्माणका क्रममा प्रदेश गौरबका आयोजनाको विषयलाई ध्यान दिन सम्बन्धित मन्त्रीलाई भनेको छु । सबै कुरा आर्थिकसँग जोडिएकाले जबसम्म त्यो वातावरण बन्दैन, तबसम्म विकासका आयोजनालाई अगाडि बढाउन कठिनाइ भइरहन्छ । विकासको गतिलाई पारदर्शी बनाउन र भ्रष्टाचार हुन नदिन आफू इमान्दारीका साथ लागेको छु ।

**तपाईंले बारम्बार केन्द्रबाट अधिकार नपाइरहेको कुरा गर्नुभयो, संविधानले दिएका अधिकारको प्रयोग गर्न नसक्नु भएको हो कि प्रदेश सरकारहरुले अधिकार पाउन केन्द्रमा दबाब दिन नसकेको हो ?**

विगतमा म मुख्यमन्त्रीको जिम्मेवारीमा रहँदा पनि मुख्यमन्त्रीहरुको बैठक होस् कि राष्ट्रिय समन्वय परिषदको बैठक होस्, प्रदेशलाई अधिकार दिनुपर्ने कुरा पटकपटक उठाउँदै आएकै हो र अहिले पनि अधिकारको कुरा उठाइरहेकै छौँ । सङ्घीय संरचनालाई बलियो बनाउने हो भने इमान्दार हुन जरुरी छ, छिटोभन्दा छिटो प्रदेशलाई अधिकारहरु दिनुपर्छ ।

**पछिल्ला महिनामा नेपालको संविधान पुनरावलोकन गर्ने बहस हुन थालेको सुनिन्छ । संविधान अक्षरशः कार्यान्वयन नै नभइरहेको गुनासोका बीच यसको पुनरावलोकनको आवश्यकता देख्नुहुन्छ ?**

संविधान संशोधन नै हुनु हुँदैन भन्ने होइन । आवश्यकताअनुसार यसलाई परिमार्जन गर्न सकिन्छ । समयसापेक्ष संविधान बनाउने कुरा अस्वाभाविक होइन । यसमा केन्द्रीय सरकार र नेतृत्वले त्यही रुपमा अगाडि बढाउँछ भन्ने मैले विश्वास लिएको छु । रासस

# संविधान जारी भएपछि प्रदेशमा थुप्रै उपलब्धिहरू भएका छन्: मुख्यमन्त्री लामा

*मकवानपुर । विभिन्न आन्दोलन तथा सङ्घर्षबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयनमा आएको छ । जनताबाट निर्वाचित प्रतिनिधिले पहिलोपटक संविधानसभाबाट २०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी गर्यो । जारी भएको ती संविधानमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको कार्यान्वयन भएसँगै अहिले तीन तहका सरकार क्रियाशील छ । नेपाली जनताको ठूलो सङ्घर्षबाट प्राप्त संविधान जारी भएको ऐतिहासिक दिनको सम्झनामा प्रत्येक वर्ष असोज ३ गतेलाई संविधान दिवसका रुपमा मनाउँदै आएको छ । यस सन्दर्भमा संविधानको कार्यान्वयनको अवस्था र चुनौती, प्रदेश सरकारले खेल्दै आएको भूमिकालगायतका विषयमा बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङसँग रासस बागमती प्रदेश कार्यालय हेटौँडाका प्रमुख राजु विश्वकर्माले गरेको कुराकानीको सम्पादित अंश:*

**नेपालको संविधान, २०७२ जारी भएपछि प्रदेशमा भएका महत्त्वपूर्ण उपलब्धिहरू के–के हुन् ? अहिलेसम्म सम्पादित कामलाई कसरी हेर्नुभएको छ ?**

– थुप्रै समस्याहरूका बाबजुद प्रदेश सरकारका निकायहरूले जनताको नजिक भएर काम गरिरहेका छन् । नागरिकले सहज रूपमा मुख्यमन्त्री र मन्त्रीसम्म पुगेर आफ्ना गुनासो, माग राखिरहेका छन् । नागरिकले लिएर आएका गुनासा र मागहरूलाई भ्याएसम्म प्रदेश सरकारले सम्बोधनसमेत गरिरहेको छ । विगतमा सङ्घीय सरकारसम्म पहुँच नभएका नागरिकहरू अहिले प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीसमक्ष आएर निर्धक्कपूर्वक आफ्ना कुरा राख्न पाएका छन् । नागरिकले सङ्घीयताको अनुभूति गर्न पाएका छन् । प्रदेश सरकारले सङ्घीय सरकार र स्थानीय सरकार समन्वय र सहकार्य गरी आफ्ना कामलाई छिटोछरितो ढङ्गबाट सम्पादन गरिरहेको छ । हो कतिपय कठिनाइका कारण नागरिकको काम छिटोछरितो गर्न पाएका छैनौँ । तर विस्तारै नागरिकको भरोसा बढ्दै गएको छ । नागरिकको नजिक भएर काम गर्न पाउँदा म सन्तुष्ट छु ।

संविधान जारी भएपछि प्रदेशमा थुप्रै उपलब्धिहरू भएका छन् । यो सात वर्षको अवधिमा जनताले अनुभूति गर्नेगरी प्रदेश सरकारले काम गरेको छ । प्रदेश सरकारले बनाउनुपर्ने महत्त्वपूर्ण ऐन, कानुन निर्माण भएको छ । सडक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएका छन् । प्रदेश सरकारले एक हजार ६८ किलोमिटर नयाँ सडक बनाएको छ । त्यसमध्ये एक हजार ४० किलोमिटर सडकको कालोपत्रसमेत भइसकेको छ । एक सय सात वटा पुल र तीन हजारभन्दा बढी सामुदायिक भवन प्रदेश सरकारमार्फत निर्माण भएका छन् । प्रदेशका पाँच हजारभन्दा बढी जनताको खानेपानीमा पहुँच पुगेको, १३ हजार हेक्टर जग्गामा सिँचाइ विस्तार भएको छ ।

**संविधानअनुसार बीचमा रहेको प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम र कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा हालको संरचनागत र कानुनी व्यवस्था कस्तो छ ? प्रदेश सरकारलाई अझ सशक्त, प्रभावकारी र विश्वसनीय बनाउन के–कस्तो संरचना र कानुनी व्यवस्था आवश्यक छ ?**

– प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम र योजना कार्यान्वयनमा पक्कै पनि समस्या छ । प्रदेश सरकारलाई चाहिने ऐन कानुनमध्ये धेरै बनाइसकेको छ । तर प्रदेश सरकारलाई समन्वयकारी भूमिका दिएकाले सङ्घीय सरकार र स्थानीय निकायसँग समन्वय गरेर नीति तथा कार्यक्रम र कार्ययोजनाहरू बनाउनुपर्ने हुन्छ । यस्तो गर्दा केही समस्या भइरहेको छ । प्रदेश सरकारले लगानी गरेको ठाउँमा केन्द्र वा स्थानीय सरकारले लगानी गर्नुहुँदैन । तर यस्तो भइरहेको छैन ।

प्रदेश सरकारले सडक बनाएकै ठाउँमा सङ्घीय सरकारले पनि आफ्नो योजना लैजाने गरेको छ । प्रदेश सरकारले विकास गर्ने, उद्यमशीलता सिर्जना गरेर रोजगारी प्रवर्द्धन हो । त्यसमा सङ्घीयले हस्तक्षेप गर्नु हुँदैन । हामीले नीति कार्यक्रम बनाउँछौँ तर सङ्घीय सरकारले त्यसलाई छेक्ने काम गर्दछ । प्रदेशभित्रको शान्ति, सुरक्षाको दायित्व प्रदेश सरकारको पनि हो । यहाँको शान्ति सुरक्षा कायम गर्ने, नागरिकलाई शान्ति अमनचयनको अनुभूति गराउने काम प्रदेश सरकार पनि हो । तर त्यसका लागि सङ्घीय सरकारको मुख ताक्नुपर्ने अवस्था छ । किनकि प्रहरी अझै पनि सङ्घीय सरकारकै मातहतमा छ । त्यसैले प्रदेश सरकारलाई अझ सशक्त, प्रभावकारी र विश्वसनीय बनाउन संविधानमा उल्लेख भएको राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयता कार्यान्वयनमा सङ्घीय सरकारले ध्यान दिनुपर्छ । प्रदेश सरकारले पनि ऐन, कानुन छिटो निर्माण गरी त्यही ऐन, कानुनलाई टेकेर जनताको माग सम्बोधन गर्न सकिए प्रदेश सरकारप्रति नागरिकको विश्वनीयता अझ बढ्न सक्छ ।

**नेपालको संविधान २०७२ कार्यान्वयनका क्रममा केन्द्र, प्रदेश र स्थानीय तहबीचको अन्तरद्वन्द्व पनि कायमै छ । केन्द्रले प्रदेश एवं प्रदेशले स्थानीय तहलाई अधिकार नदिएको भन्ने कुरा पनि बेलाबेलामा आउने गरेको छ, विशेषगरी प्रदेशबाट यस सम्बन्धमा कस्तो भूमिका निर्वाह भएको छ ?**

– हामीले संविधान बनायौ । संविधानले तीनै तहको सरकारलाई अधिकार प्रदान गरेको छ । संविधानप्रदत्त अधिकारमाथि कसैले पनि हस्तक्षेप गर्नु हुँदैन । संविधानले दिएको अधिकार सङ्घले रोक्नु हुँदैन । अधिकार सङ्घीय सरकारले दिने होइन, संविधानले दिइसकेको छ । त्यसैले यसलाई कार्यान्वयन मात्र गर्नुछ । प्रहरी, कर्मचारी प्रदेश सरकारमा हस्तान्तरण गर्नुपर्छ । सङ्घीय सरकारले ठूलाठूला आयोजना, राष्ट्रिय नीतिहरू बनाउने हो । प्रदेशले विकास गर्ने हो । स्रोतहरूको समुचित सदुपयोग गरी रोजगारी सिर्जना गर्ने हो । प्रदेशले स्थानीयलाई 'डेलिभरी' दिने हो र विकास गर्ने हो । पर्यटन प्रवर्द्धन गरेर आर्थिक विकासमा टेवा पुर्याउने काम प्रदेशको हो । तर त्यो भइरहेको छैन । सङ्घीय सरकारले पनि प्रदेशले गर्ने काममै अल्झिएको छ । त्यसैले हामीले सङ्घीय सरकारलाई संविधानप्रदत्त प्रदेश सरकारको अधिकारलाई हस्तान्तरण गर्न भनिरहेका छौँ । संविधानमा सङ्घीयता






स्वीकारे पनि मानसिकतामा अझै एकात्मक शासन व्यवस्था कायम रहँदा अन्तरद्वन्द्व कायम छ । खासमा दुई तहबीच साझा अधिकार क्षेत्र देखिएको विषय सङ्घीय ऐनअनुसार व्यवस्थापन गर्नुपर्ने र त्यसका आधारमा प्रदेश ऐन बन्नुपर्ने थियो । तर सङ्घीय ऐन नबन्दा प्रदेशले पनि कतिपय कानुन बनाउन सकिरहेको छैन । हामीले संविधानप्रदत्त प्रदेशको अधिकार हस्तान्तरण गर्न आवाज उठाइरहेका छौँ । तर सङ्घले त्यसमा खासै ध्यान दिएको छैन ।

**प्रदेश सरकार खर्चिलो भयो, आर्थिक रूपमा आत्मनिर्भर र राजनीतिक रूपमा स्वतन्त्र नभएको भनी संरचना खारेज गर्नुपर्दछ भन्ने आवाज आउन थालेको छ, यसै सन्दर्भमा प्रदेश सरकारलाई स्थिर, सक्षम, थप कामकाजी, जनपक्षीय, परिणाममुखी र सुदृढ बनाउन के गर्नुपर्ला ?**

– पहिलो त प्रदेश सरकार खर्चिलो भयो भने कुरामा म सहमत छैन । यसअघि पनि प्रदेश संरचना सरहकै संरचनाहरू थिए । त्यतिबेलाको संरचनामा पनि खर्च हुन्थ्यो । अहिले नै भने हो भने सातवटै प्रदेश सरकारको बजेट सङ्घीय सरकारको एउटा मन्त्रालयको भन्दा कम छ । अनि कसरी भन्नुहुन्छ कि प्रदेश सरकार खर्चिलो भयो भनेर । बरु प्रदेश सरकार आइसकेपछि गाउँगाउँमा सडकहरू बनेको छ । जनताले विकास भएको अनुभूति गरेका छन् । नागरिकले प्रदेश सरकारसँग राखेको अपेक्षा एकै पटक पूरा नहुँदा केही गुनासो बढेको छ । प्रदेश सरकारका सवारीसाधन देखेर लागेको होला कि प्रदेश सरकार खर्चिलो भयो भनेर । तर त्यसमा कुनै तर्क छैन । पहिलाको क्षेत्रीय र गाविसको संरचनाभन्दा प्रदेशको संरचना कम खर्चिलो छ । सङ्घीय सरकारको कुल बजेटको तीन दशमलव ४७ प्रतिशतमात्रै वित्तीय हिस्सा बागमती प्रदेश सरकारले ओगटेको छ ।

प्रदेश सरकारलाई स्थिर, सक्षम र थप कामकाजी र सुदृढ बनाउन सबैभन्दा पहिला सुशासन प्रवर्द्धन गर्नपर्छ । हरेक क्षेत्रमा सुशासनको प्रत्याभूति दिलाउनुपर्छ । भ्रष्टाचार चरम रुपमा बढेको छ । भ्रष्टाचार न्यूनीकरण गर्न पहिला सबैको सम्पत्तिलाई 'अपडेट' गरौँ । सम्पत्ति अपडेट भएपछि को सँग कति सम्पत्ति छ भने यकिन हुन्छ र त्यसपछि सम्पत्ति बढ्यो भने त भ्रष्टाचार गर्यो भन्ने थाहा हुन्छ । यसरी भ्रष्टाचार न्यूनीकरण हुन्छ । प्रदेशहरूमा उद्योगधन्दा खोल्नुपर्छ । उद्योग नखोली रोजगारी सिर्जना गर्न सकिँदैन । त्यसै लक्ष्यका साथ प्रदेश सरकार अघि बढिरहेको छ । यसका साथै प्रदेश सरकारले आम्दानीको स्रोत खोजी गरिरहेको छ । बागमती प्रदेश सरकारको प्रमुख आम्दानीको स्रोत यातायात क्षेत्र हो । यसलाई व्यवस्थित बनाउन अहिले यातायातलाई 'डिजिटल डाटा'मा राख्ने काम भइरहेको छ । यसबाहेक अन्य आम्दानीको स्रोत पहिल्याउने कार्य भइरहेको छ ।

**प्रदेश सरकारलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सन्दर्भमा संविधानमा भएको व्यवस्थाअनुसार यस प्रदेशमा कुन–कुन कानुन बने र कुन बन्न बाँकी छन् ?**

– पछिल्लो सात वर्षको उपलब्धिको विश्लेषण गर्ने हो भन्ने कानुन निर्माणको हिसाबले हाम्रो प्रदेश अग्रणी देखिन्छ । संविधानतः प्रदेश सरकारले ९९ वटा कानुन निर्माण गर्नुपर्ने हो । हामीले अहिलेसम्म ८० वटा कानुन बनाइसकेका छौँ । बाँकी १९ वटा कानुनमध्ये कतिपय निर्माणको चरणमा छन् भने कतिपय सङ्घीय ऐन र कानुनको प्रतिक्षामा छन् । यसरी हेर्दा हामीले बनाउनुपर्ने धेरै कानुन बनाइसक्यौँ । तर बनेका कानुनको कार्यान्वयनमा केही समस्या छ हामीले त्यसलाई सहजीकरण गर्दै अघि बढिरहेका छौँ । कानुन बनाउनु समान्य कुरा होइन, एकदमै जटिल कार्य हो । एउटा कानुन बन्यो भने यसले ठूलो महत्व राख्छ । सङ्घीय सरकार र स्थानीय सरकारसँग समन्वय गरेर कानुन बनाएका छौँ ।

**विकास आयोजनालाई गति दिन के–कस्ता नीतिगत र संरचनागत सुधारहरू गर्दै हुनुहुन्छ ?**

– म मुख्यमन्त्री हुनुभन्दा पहिलादेखि नै प्रदेशमा प्रादेशिक गौरवका आयोजनाहरू कार्यान्वयनमा छ । कतिपय प्रादेशिक गौरवका आयोजना कार्यान्वयनमा छ भने कतिपय बजेट अभावले रोकिएको छ । प्रादेशिक गौरवका आयोजनामध्ये बागमती प्रदेश विश्वविद्यालयको उपाध्यक्ष भर्खरै नियुक्त भएको छ । विश्वविद्यालयको भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१÷८२ मा आठ करोड ५० लाख रुपैयाँ बजेटसमेत विनियोजन गरिसकेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार निर्माणको काम भइरहेको छ । सो विज्ञान प्रतिष्ठानका लागि चाल आव २०८१÷८२ मा १५ करोड रुपैयाँ विनियोजन भएको छ । यस्तै प्रादेशिक गौरवकै आयोजनामध्ये पोष्टबहादुर बोगटी सुरुङ मार्गको लागत स्रोत सुनिश्चितता नहुँदा तीन वर्षदेखि काम अघि बढ्न सकेको छैन । पुष्पलाल प्रदेश चक्रपथ निर्माणअन्तर्गत विभिन्न जिल्लाको सडकखण्डमा काम भइरहेको छ । यसरी प्रादेशिक गौरवका आयोजनालाई प्रदेश सरकारले महत्वका साथ अघि बढाइरहेको छ ।

**दोस्रो पञ्चवर्षीय योजना पारित भएर कार्यान्वयनको चरणमा गएको अवस्था छ । उक्त योजनाले निर्दृष्ट गरेका लक्ष्य र योजना पूरा हुने आधार के छन् ?**

– दोस्रो पञ्चवर्षीय योजनाले निर्दृष्ट गरेका लक्ष्य र योजना पूरा गर्न प्रदेशमा अहिले धेरै योजना कार्यान्वयनको चरणमा छन् । अधिकांश योजना जनताको जनजीविकासँग जोडिएका छन् । दोस्रो पञ्चवर्षीय योजनाले निर्दृष्ट गरेअनुरुपका छन् । प्रदेशमा सञ्चालन भइरहेको ती योजनालाई 'अपटेड' गर्न निर्देशन दिइएको छ । योजना 'अपडेट' भएपछि मात्र कुन योजनामा कहाँ समस्या छ भने थाहा हुन्छ । पहिला पुराना योजनालाई सफल बनाउने हो । नयाँ योजना नल्याउने सोच छ । नयाँ र टुक्रे योजना ल्याउने र पुरानो योजनालाई अलपत्र पार्ने काम गर्नु हुँदैन । त्यसैले अहिले प्रदेश सरकारले पुरानो र ठूला योजनालाई महत्व दिएर अघि बढेको छ ।

**अन्त्यमा, संविधान दिवस, २०८१ को उपलक्ष्यमा नेपाली जनता र विशेषगरी प्रदेशवासीलाई के भन्न चाहनुहुन्छ ?**

– नेपालको राजनीतिक इतिहासमै पहिलोपटक जनताबाट निर्वाचित प्रतिनिधिबाट संविधानसभामार्फत संविधान जारी भएको दिन असोज ३ गतेलाई संविधान दिवस तथा राष्ट्रिय दिवसका रूपमा मनाइरहेका छौँ । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । अब मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ । यसका लागि संविधानले सङ्घीय, प्रदेश र स्थानीय सरकारले पूरा गर्नुपर्ने भनी निर्दृष्ट गरेका जिम्मेवारी बहन गर्दै राष्ट्रको समृद्धि हासिल गर्नका लागि निर्धारित लक्ष्य प्राप्तिको दिशामा अघि बढ्नुपर्ने आजको मूल दायित्व हो । यसमा सबै इमान्दार भएर लागौँ ।

# खतरामा तपाईं–हाम्रो डिजिटल इतिहास बचाउन को जिम्मेवार ?



विगतमा कसैले पुराना अभिलेख बचाएकै कारण हामीले इतिहासबारे थाहा पाउन सकेका छौं । ११औं शताब्दी ताका बेलायतको नर्थम्बरल्याण्डमा कति संख्यामा पशुहरू पालिएका थिए भन्ने कुरा डोम्सडे पुस्तकबाट थाहा हुन्छ । जुन बेलायतको राष्ट्रिय अभिलेखालयमा राखिएको सबैभन्दा पुरानो दस्तावेज हो । चिठीपत्र र उपन्यासहरूमार्फत भिक्टोरियन युगको सामाजिक जीवन कस्तो थियो भनेर जीवन बुझ्न सकिन्छ । तर भविष्यका इतिहासकारहरूलाई २१औं शताब्दीको सुरुवातमा हामीले हाम्रो जीवन कसरी बितायौँ भन्ने कुरा बुझ्न सङ्घर्ष गर्नुपर्ने हुन सक्छ । यसको कारण हाम्रो जीवनमा डिजिटल प्रविधिको व्यापक प्रभाव र यस युगका सूचनाहरूको संरक्षण र अभिलेखमा प्रयास नगरिनु हो । तर केही संस्थाहरूले अहिलेको समयलाई जोगाउने काम गरिरहेका छन् । तीमध्ये धेरैजसो स्वयंसेवीका रूपमा काम कार्यरत छन् । वेबलाई बचाउने काममा अहिले इन्टरनेट आर्काइभ पर्यायवाची बनेको छ । यो सान फ्रान्सिस्कोमा आधारित एक अमेरिकी गैरनाफामूलक संस्था हो । सन् १९९६ मा इन्टरनेट पायोनियर ब्रुस्टर काहलले एक परियोजनाका रूपमा यसको सुरुवात गरेका थिए ।

हालसम्म यस संस्थाले विश्वभरबाट ८६६ अर्ब वेब पेज, साढे चार करोड पुस्तक, एक करोड



चलचित्र÷टेलिभिजन कार्यक्रम लगायतका डिजिटल सामग्री सङ्कलन गरिसकेको छ । विश्वभरि छरिएका डेटा सेन्टरमा राखिएका इन्टरनेट आर्काइभका सामग्री र यो जस्तै काम गर्ने अन्य केही समूहले आजको डिजिटल संसारलाई बचाउने काम गरिरहेका छन् ।

इन्टरनेट आर्काइभको वेब्याक मसिनका निर्देशक मार्क ग्राहमका अनुसार यो एउटा यस्तो उपकरण हो, जसले वेबसाइटहरूको स्न्यापशट लिएर भविष्यका लागि सुरक्षित गर्ने गर्छ ।

यद्यपि अहिले इन्टरनेट आर्काइभ जस्ता संस्थाले वित्तीय जोखिम, प्राविधिक चुनौती, साइबर आक्रमण र कानुनी लडाईं भोग्नु परिरहेको छ । हालैमात्र इन्टरनेट आर्काइभले ठूलो कानुनी हार बेहोरेको छ । त्यसले इन्टरनेट अभिलेखिकरण गर्ने काम कतै क्षणिक त होइन भन्ने प्रश्न उब्जाएको छ ।

अहिले मनोरञ्जन, समाचार, कुराकानी जस्ता हरेक कुरा डिजिटल बनिरहेको छ । तर ग्राहम डिजिटल संसार स्वाभाविक रूपमा कमजोर र अस्थायी भएको बताउँछन् । हालै मात्र प्यू रिसर्च सेन्टरको एक अध्ययनले सन् २०१३ देखि २०२३ बीचका २५ प्रतिशत वेब पेज सदाका लागि हराइसकेको देखाएको छ । भविष्यका लागि ती हाम्रा इतिहास हुन सक्थे । हराउने कुरा छँदै छ, सँगै पुराना वेब पेजहरूमा समस्या भएको पनि उक्त अध्ययनले देखाएको छ । अध्ययनले सन् २०१३ मा खुल्ने वेब पेजमध्ये ३८ प्रतिशत आजकल नखुल्ने देखाएको छ । यो समस्या हालैका वर्षहरूमा पनि देखिएको पाइएको छ । उक्त अध्ययनले सन् २०२३ मा प्रकाशित भएका करिब आठ प्रतिशत वेब पेजहरू सोही वर्ष नै नचल्ने तथ्य उजागर गरेको छ ।

सोही अध्ययनका अनुसार पाँचवटा सरकारी वेबसाइटहरूमध्ये कम्तीमा एउटामा काम नलाग्ने लिङ्क हुने गर्छ । अनि आधाभन्दा बढी विकिपीडिया पेजहरूको सन्दर्भ खण्ड राखिएको लिङ्कले काम गर्दैन । यसले अनलाइन इन्साइक्लोपेडिया (विश्वकोश)को सूचना प्रमाणित गर्ने सन्दर्भ इन्टरनेटबाट हराउँदै गइरहेको अर्थ दिने विश्लेषण गरिएको छ ।

तर इन्टरनेट आर्काइभको वेब्याक मसिनले गर्दा सबैमा यस्तो अवस्था सिर्जना हुन दिएको छैन । यस परियोजनामा वेबसाइहरूलाई सुरक्षित गर्न रोबोटहरू प्रयोग गरिएको छ । जसले संसारभरका वेबसाइटहरू खोजेर तिनीहरूको वेबपेज भविष्यका लागि सुरक्षित गर्छन् । यसले गर्दा उक्त वेबसाइट काम नलाग्ने भए पनि ती कस्ता थिए र तिनमा के थिए भनेर भविष्यमा निःशुल्क हेर्न सकिन्छ ।

यस अर्थमा इन्टरनेट आर्काइभले अनलाइन समाजका अभिलेखहरू भविष्यका लागि सुरक्षित गरिरहेको छ । यसबाहेक अन्य केही सानाठूला संस्थाहरूले यही प्रकृतिको परियोजनाहरूमा काम गरिरहेका छन् ।

उदाहरणका लागि, अमेरिकी कांग्रेस पुस्तकालयले सरकारी वेबसाइट, कांग्रेस सदस्यहरूको साइट र अमेरिकी समाचार साइटहरूको संग्रह सुरक्षित राखेको छ । यस पुस्तकालयले ट्विटर (एक्स) को स्थापना भएदेखि सन् २०१७ सम्ममा गरिएका हरेक ट्वीटको प्रतिलिपि सुरक्षित राखेको छ । युके वेब आर्काइभले डट युके डोमेन नाम भएका वेबसाइटहरूको वर्षमा एकपटक भए पनि स्न्यापशट लिएर सुरक्षित गर्ने गर्छ । तर यी परियोजनाहरूको दायरा सीमित छ । अर्कोतर्फ इन्टरनेट आर्काइभले कुनै एक क्षेत्र अथवा देश नभएर विश्वभर आफ्नो काम गरिरहेको छ । अहिले उपलब्ध स्रोतहरूलाई हेर्दा इन्टरनेटमा आउने सबै कुरालाई अभिलेख गर्नु सम्भव छैन । यद्यपि यस्तो कामलाई फराकिलो बनाउन भने सकिन्छ ।

आजकल विकिपीडिया पेजमा मूल वेबसाइट लिङ्क गर्नुको साटो वेब्याक मेसिनमा राखिएको प्रतिलिपि प्रयोग गर्ने अभ्यास मानक बन्दै गइरहेको छ । हुन नि हो, किनकि यसले संस्थाले डिजिटल युगभन्दा पहिलेका मिडियादेखि आजको दिनसम्मका धेरै डिजिटल सामग्री सुरक्षित राखेको छ ।


उदाहरणका रूपमा यसमा सन् १९७७ को चर्चित कमेडी श्रृंखला ‘फ्रेनउड टू नाइट’ निःशुल्क हेर्न सकिन्छ । जुन कुनै पनि स्ट्रिमिङ प्लेटफर्ममा उपलब्ध छैन । किताब, पत्रपत्रिका र वेबसाइटमा पनि त्यस्तै अवस्था छ । तीमध्ये कतिपय किताब÷पत्रपत्रिका भौतिक पुस्तकालयमा पाइँदैन ।

यसमा तपाईं आफैंले पनि भिडिओ, वेबसाइट जस्ता डिजिटल सामग्री यस संस्थाको सर्भरमा अपलोड गर्न सक्नुहुन्छ । जुन अरू कसैका लागि भविष्यमा निकै उपयोगी हुन सक्छ । यो फिचर यस संस्थाको सबैभन्दा राम्रो पक्ष हो ।

सन् २०२३ मा आफ्नो वेबसाइटबाट हजारौं समाचार हटाएपछि टेक समाचार वेबसाइट सीनेट विवादमा तानिएको थियो । उक्त कार्यले दशकौंको इतिहास हराएको विश्लेषण गरिएको थियो । यता सीनेटले भने हटाएका सबै समाचार वेब्याक मेसिनमा सुरक्षित गरिएको प्रतिक्रिया दिएको थियो ।

तर सम्झनु पर्नु कुरा इन्टरनेट आर्काइभ एक गैर नाफामूलक संस्था हो । प्राप्त हुने दानले यो संस्था चल्ने गर्छ । खासमा यो एउटा अन्त्यहीन परियोजना जस्तै हो । तर यसको सञ्चालन गर्न निरन्तर बढिरहेको छ । किनकि हामी जति इन्टरनेट आर्काइभमा निर्भर हुँदै जान्छौं, त्यसमा खतराहरू पनि त्यति नै बढ्दै जाने गर्छ ।

हालैमात्र गुगलमा सर्च गर्दा वेब्याक मसिनको लिङ्क पनि देखाउने गरी संस्थाले अल्बाफेट (गुगल) सँग साझेदारीको गरेको घोषणा गरेको छ । तर आइरहेका समाचारले यो परियोजना अझै कमजोर भएको देखाउँछ । किनकि इन्टरनेट आर्काइभविरुद्ध पुस्तक प्रकाशक, संगीत लेबल आदिले मुद्दा लगाएका छन् । यदि यी मुद्दा हारे संस्थाको अस्तित्वलाई नै खतरामा पर्न सक्ने विश्लेषणहरू गरिएको छ । यद्यपि यस प्रकारको संस्थालाई मुद्दा मात्र खतरा होइन । ब्रिटिश लाइब्रेरीको युके वेब आर्काइभले २०२३ को अक्टोबरमा साइबर आक्रमणको



सामना गर्नु पर्यो । यसको असर अहिले पनि परिरहेकै छ ।

यता इन्टरनेट आर्काइभले पनि गत मे २०२४ मा डीडस आक्रमणको सामाना गर्नु परेको थियो । केही समय वेब्याक मेसिन अफलाइन समेत भएको थियो । एक व्यक्तिबाट सुरु भएको इन्टरनेट आर्काइभ अहिले इन्टरनेटको केन्द्रबिन्दु जस्तै बनेको छ । तर यसलाई सञ्चालन गर्न त्यति सजिलो छैन । यो एउटा संस्था भएकाले कानुनी ढाँचामा मात्र बस्नु पर्ने छँदै छ । सँगै दैनिक रूपमा थपिने हजारौं इन्टरनेट सामग्रीलाई अभिलेख गर्न प्राविधिक पाटो पनि बलियो बनाउनु पर्ने छ ।

यदि अहिले नै इन्टरनेट आर्काइभको काम रोकिए र यस्तै अर्को संस्था नआए सार्वजनिक वेबमा उपलब्ध धेरै कुरा हराउन सक्ने ग्राहम चेतावनी दिन्छन् । तर उनी अहिले नै आफ्नो जिम्मेवारीबाट पछि नहट्ने सान्त्वना दिन्छन् ।

अब इन्टरनेटका सामग्रीलाई बचाउन प्राथमिकीकरण र विकेन्द्रीकरण गर्नु पर्ने भर्जिनिया विश्वविद्यालयकी प्रविधि इतिहासकार मार हिक्स बताउँछिन् । उनी इन्टरनेटलाई जानकारी र सामग्रीहरूको फोहोरको पाइप मानिन्छन् । उनका अनुसार फोहोर पाइपबाट निस्केको सबै कुरा समात्ने प्रयास गर्नु स्रोतको दृष्टिकोणबाट उपयुक्त हुँदैन ।

यसैकारण डिजिटल संसारमा भएका केलाई बचाउने भनेर प्राथमिकीकरण गर्नुपर्ने उनी सुनाउँछिन् । नत्र लोकप्रिय वेबसाइटहरूको डुप्लिकेट वा ट्रिप्लिकेट प्रतिलिपिहरू हुने र बेवास्ता गरिएका अन्य इतिहासबाट हराउने उनको भनाइ छ । त्यस्तै डिजिटल प्रिजरभेसन कोअलिशनका एन्ड्रु ज्याक्सन पनि इन्टरनेटका सबै कुरा सुरक्षित गर्न धेरै महँगो पर्ने सुनाउँछन् । उनी पश्चिमी संसारबाहेकका अन्य ठाउँको संसारलाई कम अभिलेख गरिएको स्वीकार गर्छन् । र यसका लागि पर्याप्त ठाउँ भएको बताउँछन् ।

इन्टरनेट अभिलेख गर्न प्रायः स्वतन्त्र समूह सक्रिय रहेको उनको बुझाइ छ । उनीहरूले आफ्नो फुर्सदको समयमा यस्तो काम गर्ने र जिम्मेवार निकायहरू भने आफ्नो जिम्मेवारी पूरा नगरी बस्ने उनी आरोप लगाउँछन् ।

इतिहासकार हिक्स भन्छिन् कि इन्टरनेटलाई अभिलेख गर्ने जिम्मेवारी कसको हो वा कसको चासो हुन्छ त्यो स्पष्ट छैन । तर अभिलेखको संरक्षणमा हामी सबैले समर्थन गर्नु पर्ने उनी मत राख्छिन् । इन्टरनेट अभिलेखको मुख्य उद्देश्य केवल सामग्री सङ्कलन गर्नु मात्र नभएर अनिश्चित भविष्यसम्म टिकाइरहनु भएको उनको भनाइ छ ।

**–बीबीसीको सहयोगमा**

# नदीजन्य पदार्थ उत्खनन् रोकिँदा मजदुर मारमा

**सिरहा ।**
लहान नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन ठेक्कामा ढिलाइ गर्दा यहाँको खुट्टीखोलामा ढुङ्गा, गिट्टी, बालुवा चालेर दैनिक गुजारा चलाउने मजदुर समस्यामा परेका छन् । सधैँको वर्षजस्तै नगरपालिकाले आसोज १ गतेदेखि ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन सुरु नगरेकाले आफूहरूले जीविकोपार्जनका लागि रोजीरोटीको व्यवस्थ गर्न मुस्किल परेको उनीहरूको गुनासो छ । वर्षायामका असार, साउन र भदौ तीन महिना नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र माटो) उत्खनन तथा सङ्कलनको काम ठप्प हुन्छ भने असोजदेखि पुनः सुरु हुने गर्छ । स्थानीय तहले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गराई तोकिएको निश्चित सीमाभित्र उत्खनन गर्नेगरी खोला ठेक्कामा लगाउने गर्छन् । लहान नगरपालिकाले गत भदौ २८ गते नगर क्षेत्रभित्रका नदी तथा खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन अर्को निर्णय नभएसम्मका लागि सञ्चालन नगर्ने निणय गरेसँगै ढुङ्गा, गिट्टी, बालुवाको काम गर्दै आएका यहाँका हजारौँ मजदुर यतिबेला चिन्तामा छन् । 'दैनिक बालुवा चालेर गुजारा चल्छ । काम नपाएपछि मुखमा माड कसरी लाउनु ?', तीन दशकदेखि खुट्टीखोलामा बालुवा चालेर गुजारा चलाउँदै आएका लहान–९ का ५५ वर्षीय किसुनदेव पासवानले भने, 'तीन महिना त जसोतसो बाँचियो, यही बालुवा चाल्न पनि समयमा नपाउँदा बिहान–बेलुका के खाने ? सधैँ बेरोजगार भएपछि परिवार कसरी पाल्ने ? दशैँ आउँदैछ, त्यसको खर्च जोहो कसरी गर्ने भन्ने चिन्ता छ हजुर !" खुट्टीखोला किनारामा बिहान उज्यालो भएदेखि साँझसम्म बालुवा चाल्ने धेरै मजदुरको पीडा पासवानको जस्तै छ । यसरी अनिश्चितकालसम्म ढुङ्गा, गिट्टी, बालुवाका काम रोकिँदा त्यसमा आश्रित मजदुरको बिल्लीबाठ भएको भन्दै जनप्रतिनिधिले उनीहरूको समस्या बुझिदिनुपर्ने बताउँछन् लहान–९ का पूर्ववडाध्यक्ष तथा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)का केन्दीय सदस्य प्रदीप चौधरी । उनले भने, 'तीन महिनापछि पनि ढुङ्गा, गिट्टी, बालुवाको काम सञ्चालन नहुँदा कति युवा विदेश पलायन हुन बाध्य छन् । नगरपालिकाले समयमा कानुनअनुसार खोला ठेक्कामा नलगाउँदा यहाँका हजारौँ मजदुरमात्र समस्यामा परेका छैनन्, बजारमा ढुङ्गा, गिट्टी, बालुवाको कालोबजारी बढेको छ । यसले गर्दा उपभोक्ता पनि उत्तिकै मारमा छन् ।' नगरपालिकाले चाँडै नदीजन्य पदार्थ उत्खनन र सङ्कलन सुरु नगरे मजदुर आन्दोलनमा उत्रन बाध्य हुने चेतावनीसमेत उनले दिए ।
बजारमा निर्माण सामग्री कच्चा पदार्थ ढुङ्गा, गिट्टी, बालुवा अभावमा निर्माणको कामकाज प्रभावित हुन थालेको नेपाल बिजुली पेन्टर प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक–नेपाल)का केन्द्रीय सदस्य रामदेव साह रौनियारको भनाइ छ । नगरपालिकाले नीतिगत निर्णय नगर्दा ढुङ्गा, गिट्टी, बालुवाको अवैध कारोबार हुने गरेकाले राज्यलाई नै नोक्सानी पुगेको उनले बताए । यता लहान नगरप्रमुख महेशप्रसाद चौधरीले नदीजन्य पदार्थ उत्खनन र सङ्कलनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गर्नु अनिवार्य भएको भन्दै त्यसका लागि प्रक्रियामा रहेको जानकारी दिए । उनले भने, 'नगरपालिकाको आम्दानीसँग जोडिएकाले हामी पनि यो काम छिटो होस् भन्ने चाहन्छौँ । तर कानुनअनुसार प्रक्रिया पूरा नगर्दा त हामी फस्छौँ नि । त्यसैले केही दिन ढिला हुने देखिएको हो । प्रक्रिया पूरा हुनेबित्तिकै खोला ठेक्कामा लाग्छ ।' रासस

# अङ्ग्रेजी माध्यममा पढाइ हुँदा विद्यार्थी बढे व्यवस्थापनमा चुनौती

**महोत्तरी ।**
जिल्ला सदरमुकाम जलेश्वरभन्दा ६० किलोमिटर टाढाको एक सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ हुन थालेपछि सो विद्यालयमा विद्यार्थीको संख्या ह्वात्तै वृद्धि भएको छ । जिल्लाको गौशाला नगरपालिका–१० मरहाखोला पारिको दुर्गम बस्तीमा अवस्थित जनता माध्यमिक विद्यालय भरतपुरखोरमा विगत डेढ वर्षदेखि शिशु कक्षादेखि १२ सम्म अङ्ग्रेजी माध्यममा पढाइ हुन थालेपछि त्यस विद्यालयमा विद्यार्थी संख्या निकै वृद्धि भएको प्रधानाध्यापक विपिनकुमार जोशीले बताए । प्रधानाध्यापक जोशीका अनुसार विद्यालयमा पहिला विद्यार्थी संख्या न्यून रहेको, नियमित नरहेको, विद्यालयमा अनुशासन नहुँदा विद्यार्थी विद्यालय चलिरहेकै समयमा कक्षा छाडेर भाग्ने तथा कतिपय विद्यार्थीले त कुलतमा फसेर विद्यालय परिसरमै अवाञ्छित क्रियाकलापसमेत गर्दै आएकामा अहिले उक्त विद्यालय यस क्षेत्रकै नमूनाका रूपमा विकास हुँदै गएको छ । विद्यालयमा अहिले एक हजार एक सय ६९ विद्यार्थी अध्ययनरत छन् भने थप विद्यार्थीलाई भर्नामा रोक लगाइएको छ । कक्षाकोठा तथा अन्य भौतिक संरचना र शिक्षकको अभावका बीच अङ्ग्रेजी माध्यममा पढाइ सुरु गरिएपछि गाउँटोलमा रहेका निजी विद्यालयमा पठनपाठन गरिरहेका बालबालिका जनता मावि आउन थालेका छन् । निजी विद्यालयमा भर्ना भएका बालबालिका यस विद्यालयमा आउन थालेकाले विद्यार्थीको चाप निकै बढी भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगनारायण महतोले बताए । उनका अनुसार कक्षाकोठाको क्षमताभन्दा बढी विद्यार्थी भर्ना हुन आएपछि थप भर्ना बन्द गर्नुपरेको छ । उक्त विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ सुरु गर्दा निकै कठिनाइ भए पनि अहिले विद्यार्थी तथा शिक्षक सबैका लागि नयाँ दैनिक शैक्षिक कार्यतालिका लागू गरिएकाले विद्यार्थी तथा शिक्षक अनुशासित भएर आ–आफ्ना जिम्मेवारी पूरा गर्न निर्देश गरिएको व्यवस्थापन समितिका अध्यक्ष महतोले बताए ।
विद्यालयमा १७ जना शिक्षकको मात्रै दरबन्दी भए पनि विद्यार्थीको चाप बढेपछि र अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न निजी स्रोतबाट अहिले थप नौ जना शिक्षक बहाली गरी जम्मा २६ जना शिक्षकबाट पठनपाठन सञ्चालन गरिएको महतोले बताए । अङ्ग्रेजी माध्यममा पढाइ सुरु भएपछि निजी स्रोतका शिक्षकको पारिश्रमिक, कक्षाकोठा र नियमित पठनपाठनको व्यवस्थापन गर्न कठिनाइ भएको थियो । तर, विद्यालयमा कार्यरत शिक्षकले आफ्नो काम, कर्तव्यप्रतिको समर्पण, व्यवस्थापन समितिको सक्रियता र अभिभावकको सहयोगमा यो विद्यालय अहिले पूर्ण रुपमा व्यवस्थितका साथ अगाडि बढिरहेको छ । विद्यार्थीको बढ्दो चापकै कारण अहिले बिहान ६ देखि बेलुका ६ बजेसम्म कक्षा सञ्चालन गर्नुपरेको व्यवस्थापन समितिका अध्यक्ष महतोले बताए । आफ्नो गाउँबस्तीमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुँदा विद्यार्थी पनि खुसी छन् । विद्यालयको आयस्रोत केही नरहेकाले अङ्ग्रेजी माध्यमको पठनपाठन, भौतिक संरचना अभाव र नियमित गुणस्तरीय शिक्षाका लागि निजी स्रोतका शिक्षकलाई तलब सुविधाबापत दिनुपर्ने दायित्व बढेको बताउँदै व्यवस्थापन समितिका अध्यक्ष महतोले विद्यालयलाई आवश्यक सहयोग गरिदिन सम्बन्धित सबै सरोकारवालासँग आग्रह गरेका छन् । रासस

# मधेशमा कुपोषण समस्या बढ्दै

**जनकपुरधाम ।**
मधेश प्रदेशका बालबालिकामा कुपोषणको समस्या देखिएको छ । कुपोषणका कारण समयमा उपचार नपाउँदा कतिपय बालबालिकाको मृत्युसमेत हुने गरेको मधेस प्रदेशको एक तथ्याङ्कले देखाएको छ । मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पताल जनकपुरको पोषणगृहका अनुसार कुपोषणका कारण बालबालिकामा मुटु समस्या, श्वासप्रश्वास, निमोनिया, रक्तअल्पता, क्षयरोग, मस्तिष्कघात, वृत्तिविकासमा कमी, पुडकोपनलगायत समस्या हुने गरेको छ । सो प्रतिष्ठानका अनुसार आर्थिक वर्ष २०७९/८० मा एक सय ८६ बालबालिका कुपोषणका कारण उपचारका लागि जनकपुर अस्पतालमा भर्ना भएका थिए भने आव २०८०/८१ मा दुई सय १६ बालबालिका उपचारका लागि भर्ना भएको जनाइएको छ । त्यस्तै अस्पतालका बालरोग विभागमा दैनिक एक सय ५० देखि दुई सय ५० बालबालिका उपचारका लागि आउने गरेका छन् । जसमा प्रत्येक १० जनामध्ये चार जनामा कुपोषण समस्या भेटिने गरेको छ । उक्त समस्या छ महिनादेखि पाँच वर्षका बालबालिका अत्यधिक छ । बालबालिका कुपोषित हुनुमा गरिबी, अशिक्षा, आर्थिक अभाव, चेतनाको कमी, विपन्नता, समयमा उपचार नगराउनु रहेको छ । साथै सो समस्या दलित तथा पिछडिएको वर्गमा अत्यधिक रहेको छ । मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार प्रदेशमा करिब ५१ प्रतिशत बालबालिकामा रक्तअल्पता, २९ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशमा कम तौल तथा १० प्रतिशत बालबालिकामा क्षयरोगलगायत कुपोषण भएको देखिने गरेको बताइएको छ । मधेशमा वार्षिक रूपमा एक लाख ४० हजार बालबालिका जन्म लिने गरेको छ । पाँच वर्षमुनिका मृत्युदर प्रति एक हजार जीवित बालबालिकामा ३३ मृत्यु तथा नवजात शिशु मृत्युदर प्रति एक हजार जीवित जन्ममा २१ मृत्यु रहेको बताइएको छ । जसको मुख्य कारण कुपोषण नै रहेको विवरण सार्वजनिक गरिएको छ । विगत पाँच वर्षमा कुपोषणको समस्या कम नभएपछि सो समस्याको समाधानका लागि प्रदेश सरकारले जिल्लादेखि वडासम्म पोषणसम्बन्धी कार्य भइरहेको मन्त्रालयले जनाएको छ । यस वर्ष प्रदेश सरकारले पोषणसम्बन्धी कार्यक्रमका लागि १० करोड रकम विनियोजन गरेको स्वास्थ्यमन्त्री शत्रुध्नप्रसाद सिंहले जानकारी दिए ।
पोषणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम, पर्साको वीरगंजमा रहेको नारायणी अस्पताल तथा राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालमा पनि पोषणगृह सञ्चालनमा रहेको सिंहले बताए । प्रदेश सरकारले कडा कुपोषण देखिएका बालबालिकाको निःशुल्क उपचार, पोषिलो खानपानका लागि प्रोत्साहन तथा अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको मन्त्रालयले जनाएको छ । सरकारले सन् २०३० सम्ममा पाँच वर्षमुनिका नवजात शिशु तथा बाल मृत्युदर अन्त्य गर्नका लागि दिगो विकास लक्ष्य लिएको छ । त्यो चुनौती मधेश प्रदेशमा देखिएको छ । रासस

# रौतहटमा छुट्टाछुट्टै सवारी दुर्घटनाः दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको छुट्टा–छुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । कटहरिया नगरक्षेत्र र गौर चन्द्रनिाहपुर सडकखण्डमा भएको दुर्घटनामा दुई जनाको ज्यान गएको हो । गौर चन्द्रनिगाहपुर सडकखण्ड अन्तर्गत पर्ने गरुडा नगरपालिका–४ गरुडा दुर्गा मन्दिर नजिक अटो ई–रिक्साले ठक्कर दिदा गढिमाई नगरपालिका–१ घर भई हाल गरुडामा बस्दै आएका ३५ वर्षिय राम साह रौनियारको मृत्यु भएको छ । बिहीबार राति साढे ८ बजेको समयमा गरुडाबाट शिवनगरतर्फ तिव्र गतिमा जादै गरेको मधेश प्रदेश ०३–००१ ह ३४१४ नम्बरको अटो–इरिक्साले पैदल जाँदै गरेका रौनियारलाई पछाडिबाट नै ठक्कर दिएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताएका छन् । टाउकोमा गहिरो चोट लागी गम्भीर घाइते भएका रौनियारलाई गरुडाबाट थप उपचारका लागि बाराको एलएस न्यूरो हस्पिटलमा ल्याइएको थियो ।
उनको बिहीबार राति साढे १० बजे उपचारको क्रममा मृत्यु भएको डिएसपी कार्कीले जानकारी दिएका छन् । ई–रिक्सा चालक गरुडा नगरपालिका–५ लक्ष्मीपुरका गणेश साहलाई प्रहरीले पक्राउ गरेको छ । चालकले अत्याधिक मदिरा सेवन गरी तिव्र गतिमा गाडी चलाएको कारण अनियन्त्रित भई सडक छेउमा पैदल हिडिरहेका रौनियारलाई ठक्कर दिएको प्रत्यक्षदर्शीले बताएका छन् । मृतक रौनियार माधवनारायण नगरपालिका–४ विशुनपूर्वा मानपुर माध्यमिक विद्यालयका शिक्षक रहेका थिए । यसैगरी कटहरिया बजारदेखि पश्चिम लालबकैया पुल पारी कटहरिया गम्हरीया सडक खण्डमा बिहीबार राति ७ बजे मधेश प्रदेश ०३ ०२८ प ४९४१ मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना भएको थियो । दुर्घटनामा कटहरिया नगरपालिका–९ डुमरियाका सुकदेव पासवानको छोरा अन्दाजी वर्ष २६ का रामजन्म पासवानको मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् । तीव्रगतिमा रहेको मोटरसाईकल दुर्घटनामा गम्भीर घाइते भएका पासवानको कटहरियामा उपचार सम्भव नभएपछि थप उपचारको लागी प्रादेशिक अस्पताल गौर पठाईएकोमा उपचारकै क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई शिवशंकर शर्माले बताए । दुवै घटना सम्बन्धी आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# भन्सार छलीका १७ लाख रुपैयाँ बढीको सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले १७ लाख रुपैयाँ बढीको सामान बरामद गरेको छ । शुक्रबार सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलिले वीरगंज महानगरपालिका–१६ ईनर्वा स्थित विभिन्न सीमा नाकाहरुबाट अबैध रुपमा भन्सार छली सामान बरामद गरेको हो ।
सशस्त्रले ना ५७ प ५३२६ नम्बरको मोटरसाइकलमा लोड गरी नेपाल तर्फ ल्याउदै गरेको १४ लाख ६४ हजार ७ सय ७० रुपैयाँ बराबरको किराना सामान, कपडा, जुता र विभिन्न किसिमको औषधि सहित मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको छ । साथै शुक्रबार नै सिर्सियाबाट खटिएको टोलिले २ लाख १० हजार ५ सय १० रुपैयाँ बराबरको कपडा नियन्त्रणमा लिई भन्सार दाखिला गरेको छ भने अमरपट्टीबाट खटिएको टोलीले ५२ हजार रुपैयाँ बराबरको कपडा बरामद गरी १७ लाख २७ हजार २ सय ८० रुपैयाँ बराबरको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।

# दुईजनालाई ह्वीलचेयर सहयोग

**मधेशदृष्टि**
**रौतहट ।**
उपकार सेवा नेपालले अपाङ्गता भएका दुईजनालाई ह्वीलचेयर सहयोग गरेको छ । रौतहट जिल्लाको माधवनारायण नगरपालिका, वडा नम्बर २ खेसरहिया निवासी १८ वर्षीय विगन राम र सोही स्थानका १३ वर्षीय अर्जुन पासवानलाई ह्वीलचेयर प्रदान गरिएको हो । उपकार सेवा नेपालकी अध्यक्ष विद्या सरावगीले रौतहटस्थित उनीहरूको घरमैं पुगेर ह्वीलचेयर हस्तान्तरण गर्नु भएको थियो । सामाजिक कार्यकर्ता प्रकाश थारूका अनुसार, राम र पासवान दुवै जन्मजात अपाङ्ग हुन् । ह्वीलचेयर पाएपछि उनीहरूको दैनिकीमा ठूलो सहजता आउने विश्वास गरिएको छ । अर्जुन पासवानका पिता श्रीहजरा पासवानले छोरालाई अब हिंड्डुल गर्न सहज हुने बताए । यो सहयोगले अपाङ्गता भएका व्यक्तिहरूलाई थप आत्मनिर्भर बनाउने आशा गरिएको छ । उपकार सेवा नेपालले यस्ता सहयोगका कार्यक्रमहरू आगामी दिनहरूमा पनि निरन्तर जारी राख्ने प्रतिबद्धता जनाएको छ ।

# खैरो हेरोइनसहित तीन जना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
अवैध लागु औषध खैरो हेरोइनसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा लागु औषध ल्याउनेदेखि रिसिभ (लिन) ट्याक्सी लिएर पुग्ने समेत छन् । प्रहरी वृत्त थानकोटको टोलीले सिरहाको लहान नगरपालिका–१७ का २२ वर्षीय शिव शंकर ठाकुर, सोही ठाउँका २४ वर्षीय अर्जुन कुमार यादव र लहान–४ का २८ वर्षीय संजिवकुमार यादव छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता नवराज अधिकारीका अनुसार शिव र अर्जुन सिरहाबाट लागु औषध खैरो हेराइन ल्याउने व्यक्ति हुन् भने संजिव उक्त खैरो हेरोइन लिन ट्याक्सी लिएर नागढुंगा पुग्ने व्यक्ति हुन् । उनीहरुले ल्याएको लागु औषध रिसिभ गर्न संजिव बा २ ज ७१६५ नम्बरको भाडाको ट्याक्सी लिएर नागढुंगा पुगेका थिए । उनीहरुलाई बिहीबार ६ बजेतिर प्रहरीले पक्राउ परेको हो । सिरहाबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३–००१ ख २७२८ नम्बरको यात्रुबहाक बसबाट उनीहरु पक्राउ परेका हुन् । उनीहरुबाट ३७ ग्राम खैरो हेराइन बरामद भएको छ ।

# तस्करीको गाई र गोरुसहित ३ जना पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
भारततर्फ तस्करी गर्न लागिएको गाई र गोरुसहित ३ जनालाई रौतहटबाट प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरुमा रौतहटको यमुनामाई गाँउपालिका वडा नम्बर ३ का ४५ वर्षिय महम्मद गुफरान, ३५ वर्षिय ओहिद अन्सारी र २२ वर्षिय महमद सम्साद रहेका छन् । प्रहरीका अनुसार, बिहीबार दिउँसो रौतहटको ईशनाथ ननगरपालिका वडा नम्बर १ लालबकैयाको बाँधबाट प्रहरीले ४ वटा गाई , २ वटा गोरी र ३ वटा बाच्छा भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका तीनै जना गाई र गोरी हिडाएर भारत लैजाने कामदारहरु रहेको र गाई–गोरु तस्करी गर्ने तस्करहरु भने फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । नियन्त्रणमा लिइएका गाई, गोरु र बाच्छासहित तीनै जनालाई आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

# सेनाको अगुवाईमा वृक्षारोपण

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाली सेनाको अगुवाईमा रौतहटमा बृहत रुपमा वृक्षारोपण गरिएको छ ।
संविधान दिवसको अवसर पारेर नेपाली सेनाको अगुवाईमा रौतहटको चुरे क्षेत्रमा विभिन्न प्रजातिका सात हजार बिरुवा रोपिएको हो । संघीय संसद देव प्रसाद तिमल्सिनाको प्रमुख आतिथ्तामा चन्द्रपुर नगरपालिका ८ मरधर धार्मिक वन क्षेत्र भित्र आयोजित वृक्षारोपण कार्यक्रमको उद्घाटन गरेका थिए । उक्त कार्यक्रममा सिसौ, खयर, अमला, सतिसाल, मलेसियन साल, ईमली, बेल, रुद्राक्ष र विभिन्न जातको आँपको गरी सात हजार बिरुवा रोपिएको छ ।
नेपाली सेना वीरदल गण गौरको आयोजना र चाँदी धार्मिक वन व्यवस्थापन समितिसँगको सहकार्यमा उक्त वृक्षारोपण गरिएको हो । चुरे भावर क्षेत्र संरक्षणमा नेपाली सेनाले अग्रसरता देखाउँदै संविधान दिवसको अवसर पारेर मरधर धार्मिक वन क्षेत्रमा वृहत् वृक्षारोपण गरिएको छ । कार्यक्रममा विशिष्ट अतिथीको रुपमा प्रदेश सांसद युवराज भट्टराइ तथा श्री २८ नम्बर बाहिनीका बाहिनीपति सहायक रथि राजेन्द्र मणि गिरीको उपस्थिति रहेको थियो । चुरे क्षेत्र संरक्षणमा नेपाली सेनाको सहयोग बढाउने उदेश्यले उक्त वृहत् वृक्षारोपण गरिएको नेपाली सेना विरदल गणका प्रमुख कर्णेल किशोर अधिकारीले बताएका छन् ।



# खानेपानीका लागि महानगरले संस्थान र युनिसेफसँग सहकार्य गर्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले नेपाल खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा खानेपानी तथा सरसफाई कार्य योजना लागु गरी महानगरका ३२ वटै वडाका नागरिकको पहुँचमा सुरक्षित र स्वच्छ खानेपानी पुर्याउन गुरुयोजना शुरु गर्ने भएको छ । खानेपानी संस्थान, युनिसेफ र वीरगंज महानगरपालिकाबीच शुक्रबार सम्पन्न वैठकमा महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरका ३२ वटै वडामा देखिएको खानेपानी समस्यालाई समाधान गर्न महानगरपालिकालाई युनिसेफ र खानेपानी सस्थानको सहयोग आवश्यकता रहेको कुरामा जोड दिए । उनले स्वच्छ र सुरक्षित खानेपानीको समस्या दीर्घकालीन रुपमा समाधान गर्न गुरु योजना बनाएर कार्यान्वयन गर्न ढिलाई भइरहेको भन्दै छिटो योजनालाई कार्यान्वयनमा लैजान जरुरी रहेको समेत बताए । नगर प्रमुख सिंहले सुरक्षित र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्नु महानगरको मुख्य प्राथमिकता भएको बताउँदै सुरक्षित खानेपानीको परीक्षणका लागि युनिसेफले ल्याब स्थापना गर्न लागेकोमा खुशी समेत व्यक्त गरे । बैठकमा खानेपानी गुणस्तर अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याउने तथा महानगर, नेपाल खानेपानी संस्थान र युनिसेफको सयुक्त सहकार्यमा खानेपानी तथा सरसफाइ कार्य योजना लागु गर्ने निर्णय भएको छ । महानगर प्रमुख सिंहको अध्यक्षतामा सम्पन्न बैठकमा उप–प्रमुख इम्तियाज आलम, निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, नेपाल खानेपानी संस्थानका महाप्रवन्धक त्रीदिप कुमार श्रेष्ठ, इन्जिनियर निरण महर्जन, प्रविण कुमार साह, युनिसेफका प्रमुख इरफान एस, सुरेन्द्र बावु ढकाल, सिद्धि श्रेष्ठ, महानगरपालिकाका प्राविधिक सल्लाहकार इन्जिनियर प्रकाश अमात्य, राकेश साह लगायतको सहभागिता रहेको थियो ।

# ११ दिनमा ११२७ ले गरे रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका अस्पतालहरुमा रगतको अभाव शुरु भएसँगै तेरापंथ युवक परिषदले पर्सा र बारामा सञ्चालन गरेको बृहत रक्तदान शिविरमा १ हजार १ सय २७ जनाले रक्तदान गरेको छ । भदौं २५ देखि सुरु भई शुक्रबार समापन भएको रक्तदान शिविरमा महिला र पुरुष गरी १ हजार १ सय २७ जनाले रगत दान गरेको तेरापंथ युवक परिषद वीरगंजका अध्यक्ष लोकेश जैनले जानकारी दिए । शिविरको अन्तिम दिन शुक्रबार बाराको शिवशक्ति घ्यू उद्योगमा आयोजित कार्यक्रममा ७२ जनाले रगत दान गरेको अध्यक्ष जैनले जानकारी दिए । यसअघि बिहीबार हुलास आइरन उद्योगमा आयोजित कार्यक्रममा १ सय ७ जनाले रक्तदान गरेका थिए । त्यसैगरी गत भदौ २९ गते शनिबार वीरगंजको जैन भवनमा आयोजित कार्यक्रममा २ सय ११ जनाले रक्तदान गरेका थिए भने बाराको सिमरा स्थित हुलास स्टिल उद्योगमा आयोजित कार्यक्रममा १ सय ३० जनाले रक्तदान गरेका थिए । ११ दिन सम्म संचालन मेघा ब्लड डोनेशन कार्यक्रममा गर्मीको समय भए पनि उत्साहजनक रुपमा महिला तथा पुरुषले रक्तदान गरेको संस्थाका अध्यक्ष जैनले बताए । ११ दिने शिविरमा १ हजार ५ सय पिन्ट रगत संकलन गर्ने लक्ष्य रहेपनि गर्मीका कारण धेरैले चोहेर पनि रक्तदान गर्न नसकेको अध्यक्ष जैनले बताए । ११ दिने शिविर रक्तसंचार केन्द्र वीरगंजको सहयोगमा सम्पन्न भएको थियो । शुक्रबार आयोजित समापन कार्यक्रममा अध्यक्ष जैनले रक्तदान शिविर सम्पन्न गर्न सबै क्षेत्रबाट पुगेको सहयोग प्रति आभार व्यक्त गरे ।

# पर्साको ग्रामीण क्षेत्रमा डेङ्गी संक्रमण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा डेङ्गी संक्रमण तीव्र रूपमा फैलिरहेको छ । विशेषगरी पोखरिया नगरपालिका र आसपासका क्षेत्रमा विगत केही दिनदेखि डेङ्गीका बिरामीको संख्या बढ्न थालेको छ ।

पोखरिया जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.अनिल यादवका अनुसार अस्पतालमा दैनिक एकरदुई जना बिरामीमा डेङ्गीको संक्रमण पुष्टि हुँदै आएको छ । डा. यादवले अस्पतालमा दैनिक करिब २ सय बिरामीहरूको चेकजाँच भइरहेको जानकारी दिनुभयो । जसमध्ये एकाध बिरामीमा डेङ्गीको लक्षण फेला परेको छ ।

रगत परीक्षण गर्दा डेङ्गी संक्रमण देखिएका बिरामीहरूलाई तत्काल आवश्यक उपचार गराइरहेको अस्पतालले जनाएको छ । हालसम्मको तथ्यांकअनुसार, एक हप्ताको अवधिमा पोखरिया अस्पतालमा पाँचजना बिरामीमा डेङ्गीको संक्रमण पुष्टि भएको छ ।

ज्वरोका बिरामीहरूको चेकजाँच गर्दा डेङ्गीका केसहरू थप देखिँदै गएको अस्पताल प्रशासनले जनाएको छ । ग्रामीण क्षेत्रमा सरसफाईको कमिको कारण डेङ्गी संक्रमण बढदै जाँदा स्वास्थ्यमा गम्भीर चुनौती देखिएको छ । एडिस एजेप्टाइ र ए.ई. अल्बोपिक्टस जातको पोथी लामखुट्टेको टोकाइबाट भाइरसको संक्रमण भई सर्ने डेङ्गी रोगको लागि तत्काल रोकथामका उपायहरू अपनाउनुपर्ने डा. यादवले सुझाव दिए ।

# रेल्वे माविको समिति खारेज गर्ने निर्णय सदर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नेपाल रेल्वे माद्यमिक विद्यालयको व्यवस्थापन समिति खारेज गर्ने महानगरपालिकाको निर्णय उच्च अदालतले सदर गरेको छ । महानगरले नियम विपरित व्यवस्थापन समिति खारेज गरेको भन्दै समितिका अध्यक्ष विजय बाबु रौनियार, सदस्य राजनबाबु रौनियार समेतले अन्तरिम आदेश पाउँ भन्दै दायर गरेको रिट उच्च अदालत वीरगंजले खारेज गर्दै अन्तरिम आदेश जारी नहुने आदेश गरेको हो । उच्च अदालतका न्यायाधीशद्वय दुर्गा बहादुर विश्वकर्मा र नेत्रप्रकाश आचार्यको संयुक्त इजलासले महानगरले नियम संगत नै व्यवस्थापन समिति खारेज गरेको ठहर गर्दै अन्तरिम आदेश दिइरहनु नपर्ने आदेश गरेको हो । वीरगंज महानगरपालिकाले
विद्यालयको व्यवस्थापन समिति अध्यक्ष रौनियार सहितले विद्यालयको व्यवस्थापन सही ढंगले गर्न नसकेको, समितिको कार्य सन्तोष जनक नभएको भन्दै गएको असार २ गते समिति विगठन गरेको थियो । नगर शिक्षा समितिको बैशाख १७ गतेको निर्णय अनुसार समितिलाई सफाईको मौका दिँदा समेत चित्तबुझ्दो सफाई नदिएपछि असार २ गते कार्यालयको निर्णयसमेतबाट समिति विगठन भएको थियो । समितिका अध्यक्ष विजयबाबु रौनियारले महानगरले गरेको निर्णयको विरुद्धमा भदौ २३ गते उच्च अदालत वीरगंजमा निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश पाउँ भन्दै मुद्धा दायर गरेका थिए । निवेदक रौनियारको तर्फबाट अधिवक्ता विनय कुमार मल्लिक, राकेश कुमार मल्लिक र विनोद कुमार मल्लिकले बहस गरेका थिए भने महानगरको तर्फबाट अधिवक्ता कमलमोहन पोखरेल, प्रमोद प्रसाद साह र विरेन्द्र प्रसाद यादवले बहस गरेको महानगरका कानुन अधिकृत इश्वर बरालले जानकारी दिए ।

# कबड्डी खेलाडी यादवको उपचारमा सरोकारवालाले बेवास्ता गरेको गुनासो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १५ लक्ष्मणवा निवासी राष्ट्रिय कबड्डी खेलाडी सागर यादव अहिले काठमाडौँको ट्रमा सेन्टर अस्पतालमा उपचार गराइरहेका छन् । प्रदेश स्तरीय कबड्डी खेल खेल्दै गर्दा घाइते भएका यादवको उपचारमा लाखौं खर्च भइसक्दा पनि सम्बन्धित निकायले कुनै चासो नदेखाएको यादव परिवारले गुनासो गरेको छ । खेलाडी यादवको दायाँ खुट्टा भाँचिएको र शरीरका विभिन्न भागमा गम्भीर चोटपटक लागेको उनका दाजु जयशंकर यादवले जानकारी दिए । घाइते भएको १५ दिन बितिसक्दा पनि नेपाल राष्ट्रिय कबड्डी संघ, मधेश प्रदेश कबड्डी संघ तथा अन्य सरकारी निकायहरूले कुनै सहयोग नगरेको यादव परिवारको गुनासो छ । हालसम्म सागर यादवको उपचारमा पाँच लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको भए तापनि सरकार, राष्ट्रिय कबड्डी संघ, मधेश प्रदेश सरकार तथा वीरगंज महानगरपालिकाबाट कुनै सहयोग प्राप्त नभएको खेलाडी सागरले बताएका छन् । सागर यादवले हालै बंगलादेशमा सम्पन्न बंगबन्धु कबड्डी प्रतियोगितामा नेपाललाई दोस्रो स्थानमा पुर्याउन महत्वपूर्ण योगदान गरेका थिए । उनले देश विदेशमा थुप्रै प्रतियोगितामा सहभागिता जनाउँदै मेडल र शिल्ड जितिसकेका छन् । खेलाडी सागरको उपचारका लागि सहयोगको अपिल गरिँदै, खेलप्रेमी र सम्बन्धित निकायले आवश्यक कदम उठाउने अपेक्षा गरिएको छ ।

# पत्रकारसँग दुर्व्यवहार गर्ने होटल संचालकले मागे माफी

**मधेशदृष्टि**
**बारा ।**
बारास्थित एकजना क्रियाशील पत्रकारलाई दुर्व्यवहार गर्ने होटल सञ्चालकले अन्ततः प्रहरीको रोहवरमा लिखित माफी मागेका छन् ।
बारा स्थित कोल्हवी बजारमा सन्चालित नेवारी खाजा घर एण्ड लजका सन्चालक सन्जिब श्रेष्ठले कोल्हवी न्युजका सन्चालक एवम् पत्रकार अशेष ढुंगानासँग लिखित माफी मागेका हुन् ।
नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, प्रेस सेन्टर बाराका अध्यक्ष रन्जन यादव, रेडियो पातालगंगाका धिरेन्द्र पनुहर, जनजाती पत्रकार संघका जिल्ला अध्यक्ष जियालाल चौधरीको रोहवरमा आरोपी होटल सन्चालक श्रेष्ठले अब आइन्दा यस्ता हर्कत नगर्ने ईलाका प्रहरी कार्यालय कोल्हवीमा सहमत पछि पत्रकार ढुंगानासँग माफी मागेका थिए ।
गत भदौ २० गते राति बिना कारण फोन गरी साथी भाइसँगै बसेर गालीगलौज गर्दै धम्की दिए पछि पत्रकार ढुंगानाले ईलाका प्रहरी कार्यालय कोल्हवीमा लिखित उजुरी दिएका थिए ।

# प्रधानाध्यापकद्वारा दिवा खाजामा जालझेल



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको पश्चिमी भेग फतुवा बिजयपुर नगरपालिका ३ मेवा स्थित आधारभूत विद्यालयका प्रधानाध्यापकले दिवा खाजामा जालझेल गरिरहेको आरोप लागेको छ । प्रधानाध्यापक रामजनम महतोले विद्यार्थीको लागि आएको दिवा खाजाको रकम ९ लाख ४८ हजार रुपैयाँको हिसाब किताब नदिएर मनमानी गरिरहेको आरोप लागेको हो । लामो समयदेखि विद्यार्थीलाई दिवा खाजा नदिएर पुरै रकम निकासा गराई हिनामिना गर्ने दाउमा लागेको स्थानीय समाजसेवी तथा पूर्व विद्यालय व्यवस्थापन समितिका सदस्य बीरेन्द्र यादवले बताएका छन् । पटकपटक हिसाब माग गर्दा प्रधानाध्यापक महतोले आलटाल गर्दै आएको उनले जानकारी दिए ।
त्यस्तै विद्यार्थीलाई लामो समयदेखि छात्रवृत्ति वितरण गरिएको छैन, विद्यालयलाई नगरपालिकाले दिएको कम्प्युटर कुनै शिक्षकले लुकाएको, विद्यालय व्यवस्थापन समिति गठन बलपूर्वक गरेको उनको आरोप रहेको छ । विद्यालयका प्रधानाध्यापक रामजनम महतोले भने, ‘पहिलेको प्रअ प्रमोद प्रसाद साह गत चैत १५ गते रिटायर भएका थिए । म आफैँ जेठमा जिम्मेवारी पाएको छु तर उहाँले कम्प्युटर बुझाएका छैनन् ।’ यसको लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिने उनको भनाई छ ।

# उपाधिका लागि सिमरा र काठमाडौँ भिड्ने

**मधेशदृष्टि**
**सिमरा ।**
जीतपुरसिमरा चौथो अन्तर्राष्ट्रिय भेट्रान फूटबल प्रतियोगिताको उपाधिका लागि सिमरा र काठमाडौँ भिड्ने भएका छन् । सिमरा रंगशालामा शुक्रबार सम्पन्न सेमिफाइनल खेलमा जीत हात पार्दै आयोजक टोली सिमरा भेट्रान क्लब र सरस्वती नगर भेट्रान क्लब काठमाडौँले उपाधि भिडन्त पक्का गरेका हुन् । सिमराले पहिलो सेमिफाइनल खेलमा पाहुना टोली क्लिभ हाउस भेट्रान फूटबल क्लब कोलकत्तालाई २–० ले पराजित गरेको हो । आयोजकको जीतमा दुवै गोल रमेश गुरुङले गरेका हुन् । रमेश खेलको प्लेयर अफ दि म्याच घोषित भए । यसैगरी दोस्रो खेलमा सरस्वती नगर भेट्रान काठमाडौँले पोखराको ए.बि.सी. भेट्रान क्लबलाई टाइब्रेकरमा ४–२ ले पराजित गरेको हो । काठमाडौँका लागि अनल आचार्य, जगत लामा, महेन्द्र खवास र देवराज नेपालीले गोल गरे । सरोज थापाको प्रहार क्रसबारबाट बाहिरियो । पोखराका लागि भने संजयकुमार गुरुङ र विश्वलाल श्रेष्ठ मात्रै गोल गर्न सफल भए । विकर्ण श्रेष्ठ र निलेन्द्र देवानको प्रहार काठमाडौँका गोलरक्षक शम्भु श्रेष्ठले उत्कृष्ट बचाउ गरे । श्रेष्ठ खेलको प्लेयर अफ दि म्याच घोषित भए । प्रतियोगिताको फाइनल खेल शनिबार ४ बजे सिमरा रंगशालामा सुरु हुनेछ । असोज १ गतेदेखि सुरु भएको प्रतियोगितामा १४ टोलीको सहभागिता रहेको थियो ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन